दंगीशरण गाउँपालिकाको १७ औं गाउँसभा

(वर्षे अधिवेशन)

दंगीशरण गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

हेकुली, दाङ

लुम्बिनी प्रदेश, नेपाल

आ.व. २०८०/०८१

अनुसूची - १

(कार्यविधिको दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

दंगीशरण गाउँपालिका

१७ औं गाउँ सभा

कार्यसूची र समयतालिका

बैठक संख्याः १ (एक) मितिः २०८१/०३/०५

गाउँ सभाको बैठक बस्ने स्थानः दंगीशरण गाउँपालिकाको सभाहल, हेकुली, दाङ

बैठक बस्ने मितिः २०८१/०३/०७ समयः दिनको १.०० बजे

अध्यक्षताः श्री शम्भु गिरी

क्र.सं.	कार्यसूची	कार्यसूची प्रस्तुतकर्ता	प्रस्तावको विषय	कैफियत
१	सभा प्रारम्भ	अध्यक्ष		
२	आ.व. २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रमको प्रस्तुति ।	अध्यक्ष	प्रस्तुति	

प्रस्ताव/कार्यसूचि बुझेको भरपाई

क्र.सं.	नाम, थर	पद	हस्ताक्षर	कैफियत
१	श्री पिमाकुमारी वली खड्का	गाउँसभा सदस्य		
२	श्री रमेश भण्डारी	गाउँसभा सदस्य		
३	श्री डम्बर खत्री	गाउँसभा सदस्य		
४	श्री सुकलाल चौधरी	गाउँसभा सदस्य		
५	श्री कमल थारू	गाउँसभा सदस्य		
६	श्री निरज बस्नेत	गाउँसभा सदस्य		
७	श्री रोशन जङ्ग शाह	गाउँसभा सदस्य		
८	श्री रेशम बहादुर वली	गाउँसभा सदस्य		
९	श्री मिना चौधरी	गाउँसभा सदस्य		
१०	श्री द्रौपदी चौधरी	गाउँसभा सदस्य		
११	श्री टंकी भण्डारी	गाउँसभा सदस्य		
१२	श्री चन्दा योगी	गाउँसभा सदस्य		

१३	श्री कृष्ण कामी	गाउँसभा सदस्य		
१४	श्री सितारा नेपाली	गाउँसभा सदस्य		
१५	श्री हुमा गिरी	गाउँसभा सदस्य		
१६	श्री लक्ष्मी परियार	गाउँसभा सदस्य		
१७	श्री चन्द्रलाल चौधरी	गाउँसभा सदस्य		
१८	श्री लुमा चौधरी	गाउँसभा सदस्य		
१९	श्री अन्जना बि.क.	गाउँसभा सदस्य		
२०	श्री मोहन बि.क.	गाउँसभा सदस्य		
२१	श्री लाल बहादुर चौधरी	गाउँसभा सदस्य		
२२	श्री रामकली चौधरी	गाउँसभा सदस्य		
२३	श्री सरिता बि.क.	गाउँसभा सदस्य		
२४	श्री लक्ष्मणदास चौधरी	गाउँसभा सदस्य		
२५	श्री तेजकुमारी नेपाली	गाउँसभा सदस्य		
२६	श्री देवराज रेउले	गाउँसभा सदस्य		
२७	श्री सिताराम चौधरी	गाउँसभा सदस्य		
२८	श्री ममता चौधरी	गाउँसभा सदस्य		
२९	श्री सुमित्रा बि.क.	गाउँसभा सदस्य		
३०	श्री कमल वली	गाउँसभा सदस्य		
३१	श्री भुम प्रसाद देवकोटा	गाउँसभा सदस्य		
३२	श्री उर्मिला परियार	गाउँसभा सदस्य		
३३	श्री कान्छुराम चौधरी	गाउँसभा सदस्य		
३४	श्री शम्सेर बहादुर वली	गाउँसभा सदस्य		
३५	श्री जापानी दमेनी	गाउँसभा सदस्य		
३६	श्री किरिम बहादुर चौधरी	गाउँसभा सदस्य		
३७	श्री भूप बहादुर खड्का	गाउँसभा सदस्य		



अनुसूची - १

(कार्यविधिको दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

दंगीशरण गाउँपालिका

१७ औं गाउँ सभा

कार्यसूची र समयतालिका

बैठक संख्याः १ (एक) मितिः २०८१/०३/०७

गाउँ सभाको बैठक बसेको स्थानः दंगीशरण गाउँपालिकाको सभाहल, हेकुली, दाङ

समयः दिनको १.०० बजे

अध्यक्षताः श्री शम्भु गिरी

क.सं.	कार्यसूची	कार्यसूची प्रस्तुतकर्ता	प्रस्तावको विषय	कैफियत
१	सभा प्रारम्भ	अध्यक्ष		
२	दंगीशरण गाउँपालिकाको आ.व. २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रमको प्रस्तुतिकरण ।	अध्यक्ष	प्रस्तुति	

प्रमाणित गर्नेः

शम्भु गिरी
अध्यक्ष

दंगीशरण गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

हेकुली, दाङ

लुम्बिनी प्रदेश, नेपाल

१७ औं गाउँ सभाको बैठकको उपस्थिति

गाउँ सभाको बैठक बसेको स्थानः दंगीशरण गाउँपालिकाको सभा हल, हेकुली, दाङ

बैठक सख्याः १ (एक) मितिः २०८१/०३/०७

समयः दिनको १.०० बजे

क्र.सं.	नाम, थर	पद	हस्ताक्षर	कैफियत
१	श्री शम्भु गिरी	अध्यक्ष		
२	श्री पिमाकुमारी वली खड्का	गाउँसभा सदस्य		
३	श्री डिलाराम पाण्डे	सचिव		
४	श्री रमेश भण्डारी	गाउँसभा सदस्य		
५	श्री डम्बर खत्री	गाउँसभा सदस्य		
६	श्री सुकलाल चौधरी	गाउँसभा सदस्य		
७	श्री कमल थारू	गाउँसभा सदस्य		
८	श्री निरज बस्नेत	गाउँसभा सदस्य		
९	श्री रोशन जङ्ग शाह	गाउँसभा सदस्य		
१०	श्री रेशम बहादुर वली	गाउँसभा सदस्य		
११	श्री मिना चौधरी	गाउँसभा सदस्य		
१२	श्री दुर्पती थरूनी	गाउँसभा सदस्य		
१३	श्री टंकी भण्डारी	गाउँसभा सदस्य		
१४	श्री चन्दा योगी	गाउँसभा सदस्य		
१५	श्री कृष्ण कामी	गाउँसभा सदस्य		
१६	श्री सितारा नेपाली	गाउँसभा सदस्य		
१७	श्री हुमा गिरी	गाउँसभा सदस्य		
१८	श्री लक्ष्मी परियार	गाउँसभा सदस्य		
१९	श्री चन्द्रलाल चौधरी	गाउँसभा सदस्य		
२०	श्री लुमा चौधरी	गाउँसभा सदस्य		
२१	श्री अन्जना बि.क.	गाउँसभा सदस्य		
२२	श्री मोहन बि.क.	गाउँसभा सदस्य		

२३	श्री लाल बहादुर चौधरी	गाउँसभा सदस्य		
२४	श्री रामकली चौधरी	गाउँसभा सदस्य		
२५	श्री सरिता बि.क.	गाउँसभा सदस्य		
२६	श्री लक्ष्मणदास चौधरी	गाउँसभा सदस्य		
२७	श्री तेजकुमारी नेपाली	गाउँसभा सदस्य		
२८	श्री देवराज रेउले	गाउँसभा सदस्य		
२९	श्री सिताराम चौधरी	गाउँसभा सदस्य		
३०	श्री ममता चौधरी	गाउँसभा सदस्य		
३१	श्री सुमित्रा बि.क.	गाउँसभा सदस्य		
३२	श्री कमल वली	गाउँसभा सदस्य		
३३	श्री भुम प्रसाद देवकोटा	गाउँसभा सदस्य		
३४	श्री उर्मिला परियार	गाउँसभा सदस्य		
३५	श्री कान्छुराम चौधरी	गाउँसभा सदस्य		
३६	श्री शम्सेर बहादुर रावत	गाउँसभा सदस्य		
३७	श्री जापानी दमेनी	गाउँसभा सदस्य		
३८	श्री किरिम बहादुर चौधरी	गाउँसभा सदस्य		
३९	श्री भूप बहादुर खड्का	गाउँसभा सदस्य		

आमन्त्रित

श्री टोपाराम चौधरी सदस्य जि.स.स. दाङ



दंगीशरण गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

हेकुली, दाङ

लुम्बिनी प्रदेश, नेपाल

१७ औं गाउँ सभामा कर्मचारीहरूको उपस्थिति

गाउँ सभाको बैठक बसेको स्थानः दंगीशरण गाउँपालिकाको सभा हल, हेकुली, दाङ

मितिः २०८१/०३/०७

समयः दिनको १.०० बजे

क्र.सं.	नाम, थर	पद	हस्ताक्षर	कैफियत
१	[illegible]	[illegible]	[illegible]	
२	[illegible]	[illegible]	[illegible]	
३	[illegible]	[illegible]	[illegible]	
४	[illegible]	[illegible]	[illegible]	
५	[illegible]	[illegible]	[illegible]	
६	[illegible]	[illegible]	[illegible]	
७	[illegible]	[illegible]		
८	[illegible]	[illegible]	[illegible]	
९	[illegible]	[illegible]	[illegible]	
१०	[illegible]	[illegible]	[illegible]	
११	[illegible]	[illegible]	[illegible]	
१२	[illegible]	[illegible]	[illegible]	
१३	[illegible]	[illegible]	[illegible]	
१४	[illegible]	[illegible]	[illegible]	
१५	[illegible]		[illegible]	
१६	[illegible]	[illegible]	[illegible]	
१७	[illegible]	[illegible]	[illegible]	
१८	[illegible]	[illegible]	[illegible]	
१९	[illegible]	[illegible]	[illegible]	
२०	[illegible]	[illegible]	[illegible]	
२१	[illegible]	[illegible]	[illegible]	
२२	[illegible]	[illegible]	[illegible]	

२३	दिपक के.सी.	वडा.स.नि.व		
२४	मतिवीर चौधरी	ई.अ.		
२५	टिकाराम खड्का	सि.वा.चौ.		
२६	बुद्ध प्र. वोहरा	"		
२७	प्रमन औली	ज. चौधा.		
२८	लोक बहादुर खड्का	मे.मि.कर्ता		
२९	नवराज शर्मा	—"—		
३०	भरत बहादुर वली	—"—		
३१	प्रेम बहादुर वली	डिओप		
३२	रामशंकर यादव	DEC-Nepal		
३३	रोशन चौधरी	NWCSC		
३४	शुभमित्रा सार्की	समाज परिचालक		
३५	कविता नेपाली	सहभागी	कविता	
३६	दिपाशोत्व नेपाली	भगुवा महिला	दिपाशोत्व	
३७	संगिता पहाडी	सहभागी	संगिता	
३८	सरस्वती नेपाली	सहभागी		
३९	बादुल्ती नेपाली	सहभागी	बादुल्ती	
४०	अमिता नेपाली	सहभागी		
४१	मानिकराम पाण्डे	वो.शा.वि.		
४२	भरत के.सी.	सेवाशाखा		
४३	चैतन वली	पत्रकार		
४४	नवराज आचार्य	री.अ.जि.की.दा.		
४५	प्रमोद भट्टाचार्य	प्रेस समोज		
४६	प्रेम व थारु	कार्यालय		
४७	युवराज रिजाल	सु.प्र.अ.		
४८	दुर्गा चौधरी	का.स.		
४९	राजु चौधरी	" "		
५०	रामेन्द्र चौधरी	का.स.		
५१	रुपमा चौधरी	"		
५२	अशोक खत्री	चालक	अशोक	
५३	सन्तोष चौधरी	स.ज.		



मिति २०८१ साल असाढ ०७ गतेको दंगीशरण गाउँसभाको १७ औं अधिवेशनको पहिलो बैठकका निर्णयहरू

कार्यसूचि नं. २ दंगीशरण गाउँपालिकाको आ.व. २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रमको प्रस्तुति ।

निर्णय नं. १

दंगीशरण गाउँपालिकाको आ.व. २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम दंगीशरण गाउँपालिकाका अध्यक्ष श्री शम्भु गिरीज्यूले वाचन गरी सभामा पेश गरियो । चालु अधिवेशनको दोश्रो बैठक आगामी २०८१ साल असाढ १० गते दिनको २.०० बजे बस्ने गरी आजको बैठक स्थगित गरियो ।

शम्भु गिरी
अध्यक्ष

१७औं गाउँ सभाको
बैठक संख्या: १
२०८१/०३/०६ को

अनुसूची - १

(कार्यविधिको दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

दंगीशरण गाउँपालिका

१७ औं गाउँ सभा

कार्यसूची र समयतालिका

बैठक संख्याः २ (दुई) मितिः २०८१/०३/०७

गाउँ सभाको बैठक बस्ने स्थानः दंगीशरण गाउँपालिकाको सभाहल, हेकुली, दाङ

बैठक बस्ने मितिः २०८१/०३/१० समयः दिनको २.०० बजे

अध्यक्षताः श्री शम्भु गिरी

क्र.सं.	कार्यसूची	कार्यसूची प्रस्तुतकर्ता	प्रस्तावको विषय	कैफियत
१	सभा प्रारम्भ	अध्यक्ष		
२	दंगीशरण गाउँपालिकाको आ.व. २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रमको छलफल गरी पारित गरियोस् ।	अध्यक्ष	निर्णयार्थ	
३	दंगीशरण गाउँपालिकाको आ.व. २०८१/०८२ को वार्षिक बजेट तथा कार्यक्रमको प्रस्तुतिकरण ।	उपाध्यक्ष	प्रस्तुति	
४	दंगीशरण गाउँपालिकाको आर्थिक विधेयक, २०८१ माथि छलफल गरियोस् ।	उपाध्यक्ष	प्रस्ताव पेश	
५	दंगीशरण गाउँपालिकाको विनियोजन विधेयक, २०८१ माथि छलफल गरियोस् ।	उपाध्यक्ष	प्रस्ताव पेश	
६	लेखा समितिको वार्षिक प्रतिवेदन २०८१ माथि छलफल गरियोस् ।	लेखा समिति संयोजक	प्रस्ताव पेश	
७	आ.व. २०८०/०८१ को न्यायिक समितिको वार्षिक प्रतिवेदन माथि छलफल गरियोस् ।	न्यायिक समिति संयोजक	प्रस्ताव पेश	

प्रस्ताव/कार्यसूचि बुझेको भरपाई

क्र.सं.	नाम, थर	पद	हस्ताक्षर	कैफियत
१	श्री पिमाकुमारी वली खड्का	गाउँसभा सदस्य		

२	श्री रमेश भण्डारी	गाउँसभा सदस्य		
३	श्री डम्बर खत्री	गाउँसभा सदस्य		
४	श्री सुकलाल चौधरी	गाउँसभा सदस्य		
५	श्री कमल थारू	गाउँसभा सदस्य		
६	श्री निरज बस्नेत	गाउँसभा सदस्य		
७	श्री रोशन जङ्ग शाह	गाउँसभा सदस्य		
८	श्री रेशम बहादुर वली	गाउँसभा सदस्य		
९	श्री मिना चौधरी	गाउँसभा सदस्य		
१०	श्री द्रौपदी चौधरी	गाउँसभा सदस्य		
११	श्री टंकी भण्डारी	गाउँसभा सदस्य		
१२	श्री चन्दा योगी	गाउँसभा सदस्य		
१३	श्री कृष्ण कामी	गाउँसभा सदस्य		
१४	श्री सितारा नेपाली	गाउँसभा सदस्य		
१५	श्री हुमा गिरी	गाउँसभा सदस्य		
१६	श्री लक्ष्मी परियार	गाउँसभा सदस्य		
१७	श्री चन्द्रलाल चौधरी	गाउँसभा सदस्य		
१८	श्री लुमा चौधरी	गाउँसभा सदस्य		
१९	श्री अन्जना बि.क.	गाउँसभा सदस्य		
२०	श्री मोहन बि.क.	गाउँसभा सदस्य		
२१	श्री लाल बहादुर चौधरी	गाउँसभा सदस्य		
२२	श्री रामकली चौधरी	गाउँसभा सदस्य		
२३	श्री सरिता बि.क.	गाउँसभा सदस्य		
२४	श्री लक्ष्मणदास चौधरी	गाउँसभा सदस्य		
२५	श्री तेजकुमारी नेपाली	गाउँसभा सदस्य		
२६	श्री देवराज रेउले	गाउँसभा सदस्य		
२७	श्री सिताराम चौधरी	गाउँसभा सदस्य		
२८	श्री ममता चौधरी	गाउँसभा सदस्य		
२९	श्री सुमित्रा बि.क.	गाउँसभा सदस्य		
३०	श्री कमल वली	गाउँसभा सदस्य		
३१	श्री भुम प्रसाद देवकोटा	गाउँसभा सदस्य		
३२	श्री उर्मिला परियार	गाउँसभा सदस्य		

३३	श्री कान्छुराम चौधरी	गाउँसभा सदस्य	कान्छुराम	
३४	श्री शम्सेर बहादुर रावत	गाउँसभा सदस्य	शम्सेर बहादुर	
३५	श्री जापानी दमेनी	गाउँसभा सदस्य	जापानी	
३६	श्री किरिम बहादुर चौधरी	गाउँसभा सदस्य	कान्छुराम	
३७	श्री भूप बहादुर खड्का	गाउँसभा सदस्य	भूपबहादुर	



अनुसूची - १

(कार्यविधिको दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

दंगीशरण गाउँपालिका

१७ औं गाउँ सभा

कार्यसूची र समयतालिका

बैठक संख्याः २ (दुई) मितिः २०८१/०३/१०

गाउँ सभाको बैठक बसेको स्थानः दंगीशरण गाउँपालिकाको सभाहल, हेकुली, दाङ

समयः दिनको २.०० बजे

अध्यक्षताः श्री शम्भु गिरी

क.सं.	कार्यसूची	कार्यसूची प्रस्तुतकर्ता	प्रस्तावको विषय	कैफियत
१	सभा प्रारम्भ	अध्यक्ष		
२	दंगीशरण गाउँपालिकाको आ.व. २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रममाथि छलफल गरी पारित गरियोस् ।	अध्यक्ष	निर्णयार्थ	
३	दंगीशरण गाउँपालिकाको आ.व. २०८१/०८२ को वार्षिक बजेट तथा कार्यक्रमको प्रस्तुतिकरण ।	उपाध्यक्ष	प्रस्तुति	
४	दंगीशरण गाउँपालिकाको आर्थिक विधेयक, २०८१ माथि छलफल गरियोस् ।	उपाध्यक्ष	प्रस्ताव पेश	
५	दंगीशरण गाउँपालिकाको विनियोजन विधेयक, २०८१ माथि छलफल गरियोस् ।	उपाध्यक्ष	प्रस्ताव पेश	
६	दंगीशरण गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को महालेखा परीक्षकको प्रतिवेदनले औंल्याएका बेरुजु फछ्यौंट सम्बन्धी लेखा समितिको वार्षिक प्रतिवेदन २०८१ माथि छलफल गरियोस् ।	लेखा समिति संयोजक	प्रस्ताव पेश	
७	दंगीशरण गाउँपालिकाको आ.व. २०८०/०८१ को न्यायिक समितिको वार्षिक प्रतिवेदन माथि छलफल गरी गरियोस् ।	न्यायिक समिति संयोजक	प्रस्ताव पेश	

प्रमाणित गर्नेः

शम्भु गिरी
अध्यक्ष

दंगीशरण गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

हेकुली, दाङ

लुम्बिनी प्रदेश, नेपाल

१७ औं गाउँ सभाको बैठकको उपस्थिति

गाउँ सभाको बैठक बसेको स्थानः दंगीशरण गाउँपालिकाको सभा हल, हेकुली, दाङ

बैठक सख्याः २ (दुई) मितिः २०८१/०३/१०

समयः दिनको २.०० बजे

क्र.सं.	नाम, थर	पद	हस्ताक्षर	कैफियत
१	श्री शम्भु गिरी	अध्यक्ष		
२	श्री पिमाकुमारी वली खड्का	गाउँसभा सदस्य		
३	श्री डिलाराम पाण्डे	सचिव		
४	श्री रमेश भण्डारी	गाउँसभा सदस्य		
५	श्री डम्बर खत्री	गाउँसभा सदस्य		
६	श्री सुकलाल चौधरी	गाउँसभा सदस्य		
७	श्री कमल थारू	गाउँसभा सदस्य		
८	श्री निरज बस्नेत	गाउँसभा सदस्य		
९	श्री रोशन जङ्ग शाह	गाउँसभा सदस्य		
१०	श्री रेशम बहादुर वली	गाउँसभा सदस्य		
११	श्री मिना चौधरी	गाउँसभा सदस्य		
१२	श्री दुर्पती थरूनी	गाउँसभा सदस्य		
१३	श्री टंकी भण्डारी	गाउँसभा सदस्य		
१४	श्री चन्दा योगी	गाउँसभा सदस्य		
१५	श्री कृष्ण कामी	गाउँसभा सदस्य		
१६	श्री सितारा नेपाली	गाउँसभा सदस्य		
१७	श्री हुमा गिरी	गाउँसभा सदस्य		
१८	श्री लक्ष्मी परियार	गाउँसभा सदस्य		
१९	श्री चन्द्रलाल चौधरी	गाउँसभा सदस्य		
२०	श्री लुमा चौधरी	गाउँसभा सदस्य		
२१	श्री अन्जना बि.क.	गाउँसभा सदस्य		
२२	श्री मोहन बि.क.	गाउँसभा सदस्य		

२३	श्री लाल बहादुर चौधरी	गाउँसभा सदस्य		
२४	श्री रामकली चौधरी	गाउँसभा सदस्य		
२५	श्री सरिता बि.क.	गाउँसभा सदस्य		
२६	श्री लक्ष्मणदास चौधरी	गाउँसभा सदस्य		
२७	श्री तेजकुमारी नेपाली	गाउँसभा सदस्य		
२८	श्री देवराज रेउले	गाउँसभा सदस्य		
२९	श्री सिताराम चौधरी	गाउँसभा सदस्य		
३०	श्री ममता चौधरी	गाउँसभा सदस्य		
३१	श्री सुमित्रा बि.क.	गाउँसभा सदस्य		
३२	श्री कमल वली	गाउँसभा सदस्य		
३३	श्री भुम प्रसाद देवकोटा	गाउँसभा सदस्य		
३४	श्री उर्मिला परियार	गाउँसभा सदस्य		
३५	श्री कान्छुराम चौधरी	गाउँसभा सदस्य		
३६	श्री शम्सेर बहादुर रावत	गाउँसभा सदस्य		
३७	श्री जापानी दमेनी	गाउँसभा सदस्य		
३८	श्री किरिम बहादुर चौधरी	गाउँसभा सदस्य		
३९	श्री भूप बहादुर खड्का	गाउँसभा सदस्य		

आमन्त्रित

श्री टोपाराम चौधरी सदस्य जि.स.स. दाङ



दंगीशरण गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

हेकुली, दाङ

लुम्बिनी प्रदेश, नेपाल

१७ औं गाउँ सभामा कर्मचारीहरूको उपस्थिति

गाउँ सभाको बैठक बसेको स्थानः दंगीशरण गाउँपालिकाको सभा हल, हेकुली, दाङ

मितिः २०८१/०३/१०

समयः दिनको २.०० बजे

क्र.सं.	नाम, थर	पद	हस्ताक्षर	कैफियत
१				
२	देव बहादुर रुक्सि	सूचना अधिकारी		
३	लक्ष्मीनाथ आचार्य	अधिकृत		
४	संतोष गिरी	रो.सं.		
५	राजाराम पुजेदी	ना.प्र.स्था.प्र.		
६	मान बहादुर डाँगी	प्रा.प्र.		
७	हस्तराम रक्सा	फ.ले.प्र.		
८	प्रसाद गिरी	इ.वो.वडा.पदाधि		
९	देव कुमाल	जनप्रतिनिधि		
१०	पाविजा केसी	वि.व.चे		
११	गोमा भट्टराई	परियोजना संयोजक		
१२	योगमाया कुवंर	कृषि प्राविधिक		
१३	नारायण पाण्डे	पा.वि.वि.प्र.		
१४	अमरबहादुर दंडी			
१५	देव बहादुर डांगी	प्रशासन सहायक		
१६	प्रेम बहादुर बली			
१७	भरत कुंवरी	लेखापाल		
१८	समिर गौतम	आ.ले.प (पाँचौं)		
१९	कालुराम चौधरी	स.प्रा.यौं		
२०	मित वीर चौधरी	उ.प		
२१	प्रहलाद चौधरी	ज.स्वा.सि		
२२	यादव बहादुर डाँगी	अ.हे.ब		

२३	विनोद अधिकारी	इ. अ.	वि. अ.	
२४	बाल कृष्ण भण्डारी	सहायक ४ औ	भण्डारी	
२५	लोक बहादुर रावल	मे. भी कर्ता	लोक बी.	
२६	दोरान गिरी	अपाङ्गता संस्था		
२७	राम शेखर यादव	DEG-Nepal		
२८	नारायण भण्डारी	वडा अध्यक्ष	नारा	
२९	नवराज शर्मा	मे. ले. कर्ता	Shrma	
३०	विदेराज अधिकारी	सु. मे. सि. कर्ता		
३१	रमेश आचार्य	समाज सेवी		
३२	दोरान चौधरी	NWCC	Chaudhary	
३३	नवराज आचार्य	डी. भी. जि. सी. ओ.		
३४	विपा मेटराई	NWCSC.	Bipa	
३५	सीरिता आचार्य थारु	NWCSC		
३६	सुन कुमारी धामि	स. सचि. नि	सुन कुमारी	
३७	सुनिता हमाल	सहायक चौथो लेभ.		
३८	विनिता त्रिपी	अमित		
३९	रामु चौधरी	का. स.	रामु	
४०	शिवराज चौधरी	इ. चालक	शिवराज	
४१	जमुना चौधरी	का. प्रे		
४२	बासेलु ,,	को. प	बासेलु	
४३	रूपी चौधरी	का. प		
४४	सन्तोष चौधरी	रोजगार सहायक		
४५	अशोक रजगोपाल	इ. सि. चा.	अशोक	
४६	[illegible]	सब-इन्जि.		
४७	केशव राज पोखरेल	मेडिसिन		
४८	पूजा चौहान	CBR सहजकर्ता		
४९	युवराज हमाल	इ. प्र. अ.		
५०	कल्पना विष्ट	इ. फॉ.		
५१	रजत चौधरी	कोऑप्ट		
५२	विनोद चौधरी	इ. सि. चा.		
५३				

गाउँपालिकाको कार्यालय

मिति २०८१ साल असाढ १० गतेको दंगीशरण गाउँसभाको १७ औं अधिवेशनको दोश्रो बैठकका निर्णयहरू

कार्यसूचि नं. २ दंगीशरण गाउँपालिकाको आ.व. २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रममाथि छलफल गरी पारित गरियोस् ।

निर्णय नं. १

मिति २०८१ साल असाढ ७ गते सभाका अध्यक्ष श्री शम्भु गिरीज्यूले प्रस्तुत गर्नुभएको दंगीशरण गाउँपालिकाको आ.व. २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रममाथि छलफल गरी दंगीशरण गाउँपालिकाको गाउँसभा सञ्चालन कार्यविधि २०७४ को दफा १६ को उपदफा (२) बमोजिम ध्वनिमतका आधारमा संशोधन सहित सर्वसम्मतिबाट पारित गरियो ।

कार्यसूचि नं. ३ दंगीशरण गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक बजेट तथा कार्यक्रमको प्रस्तुति ।

निर्णय नं. २ नेपालको संविधान २०७२ को धारा २३० तथा दंगीशरण गाउँपालिकाको गाउँसभा सञ्चालन कार्यविधि २०७४ को दफा २६ को उपदफा (१) र (२) बमोजिम दंगीशरण गाउँपालिकाका उपाध्यक्ष तथा बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक श्री पिमाकुमारी वली खड्काज्यूले वाचन गरी सभा समक्ष प्रस्तुत गरियो ।

कार्यसूचि नं. ४ दंगीशरण गाउँपालिकाको आर्थिक विधेयक २०८१ माथि छलफल गरियोस् ।

निर्णय नं. ३ दंगीशरण गाउँपालिकाको गाउँसभा सञ्चालन कार्यविधि २०७४ को दफा २६ को उपदफा (१) बमोजिम सभाध्यक्षको अनुमतिले दंगीशरण गाउँपालिका उपाध्यक्ष एवं बजेट तथा कार्यक्रम तर्जमा समितिका संयोजक श्री पिमाकुमारी वली खड्काज्यूबाट दंगीशरण गाउँपालिकाको आर्थिक विधेयक २०८१ छलफलका लागि सभा समक्ष पेश गरियो ।

कार्यसूचि नं. ५ दंगीशरण गाउँपालिकाको विनियोजन विधेयक २०८१ माथि छलफल गरियोस् ।

निर्णय नं. ४ दंगीशरण गाउँपालिकाको गाउँसभा सञ्चालन कार्यविधि २०७४ को दफा २६ को उपदफा (१) बमोजिम सभाध्यक्षको अनुमतिले दंगीशरण गाउँपालिका उपाध्यक्ष एवं बजेट तथा कार्यक्रम तर्जमा समितिका संयोजक श्री पिमाकुमारी वली खड्काज्यूबाट दंगीशरण गाउँपालिकाको विनियोजन विधेयक २०८१ छलफलका लागि सभा समक्ष पेश गरियो ।

१७औं गाउँ सभाको
बैठक संख्या: २।२०८१।८२
मिति २०८१।०३।१७ को
निर्णय प्रमाणित।

शम्भु गिरी
अध्यक्ष

कार्यसूचि नं. ६ दंगीशरण गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को महालेखा परीक्षकको प्रतिवेदनले औंल्याएका बेरूजु फछर्यौट सम्बन्धि लेखा समितिको प्रतिवेदन माथि छलफल गरियोस् ।

निर्णय नं. ५ दंगीशरण गाउँपालिकाको गाउँसभा सञ्चालन कार्यविधि २०७४ को दफा ३९ को उपदफा (१) बमोजिम सभाध्यक्षको अनुमतिले दंगीशरण गाउँपालिका लेखा समितिका संयोजक श्री निरज बस्नेतज्यूबाट दंगीशरण गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को महालेखा परीक्षकको प्रतिवेदनले औंल्याएका बेरूजु फछर्यौट सम्बन्धी लेखा समितिको प्रतिवेदनमाथि छलफलका लागि सभा समक्ष पेश गरियो ।

कार्यसूचि नं. ७ दंगीशरण गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को न्यायिक समितिको प्रतिवेदन माथि छलफल गरियोस् ।

निर्णय नं. ६ दंगीशरण गाउँपालिकाको गाउँसभा सञ्चालन कार्यविधि २०७४ को दफा ३९ को उपदफा (१) बमोजिम सभाध्यक्षको अनुमतिले दंगीशरण गाउँपालिका न्यायिक समितिका संयोजक श्री पिमाकुमारी वली खड्काज्यूबाट दंगीशरण गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को न्यायिक समितिको प्रतिवेदनमाथि छलफलका लागि सभा समक्ष पेश गरियो ।

अध्यक्ष

१७औं गाउँ सभाको
बैठक संख्या: २।२०८०।०१७
मिति: २०८१।०३।१० को
निर्णय प्रमाणित।

दंगीशरण गाउँपालिकाका अध्यक्ष श्री शम्भु गिरीज्यूले १७ औं गाउँसभामा
प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०८१/०८२ को
नीति तथा कार्यक्रम

यस गरिमामय गाउँ सभाका सदस्यज्यूहरू !

१. नेपालको संविधान, २०७२ घोषणा पश्चात संघीय लोकतान्त्रिक गणतन्त्रको अभ्यासको क्रममा स्थानीय तहको दोश्रो कार्यकालको लागि सम्पन्न निर्वाचन पछिको तेश्रो वर्षमा यस दंगीशरण गाउँपालिकाको गरिमामय १७ औं गाउँसभाको पहिलो बैठकमा आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम पेश गर्न पाउँदा गौरवको अनुभूति गरेको छु । यस सन्दर्भमा नेपालको विभिन्न लोकतान्त्रिक आन्दोलनका विभिन्न संघर्षहरूमा सहादत प्राप्त गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात महान शहिदहरूप्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछु साथै घाइते तथा अपाङ्गहरूको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

२. संघीय लोकतान्त्रिक गणतन्त्रको मूल मर्मअनुसार स्थानीय आवश्यकता एवं जनचाहना अनुरूपको सेवा सुविधाहरू सरल, निष्पक्ष र पारदर्शी ढङ्गबाट जनता कै घरदैलोमा पुर्याउने लक्ष्यका साथ संघीय शासन प्रणालीको भावना अनुरूप आवधिक निर्वाचनका माध्यमबाट जनताको प्रत्यक्ष अभिमतका आधारमा निर्वाचित जनप्रतिनिधीहरूबाट स्थानीय स्वशासनको अभ्यास हुँदै आएको हामी सबैलाई अवगत नै छ । लोकमतका आधारमा शासन सत्ता सञ्चालन गर्ने लोकतान्त्रिक पद्धतिमा जनताको अभिमतका आधारमा सहमति, सहकार्य र सह-अस्तित्वका आधारमा दैनिक प्रशासनिक तथा विकास निर्माणसँग सम्बन्धित निर्णय प्रक्रिया अगाडि बढाउनु पर्ने आजको आवश्यकता रहेको महशुस गरेको छु । बहुदलीय लोकतान्त्रिक समाजवादको माध्यमबाट समाजको आर्थिक, सामाजिक, राजनैतिक तथा मानवीय मूल्यमान्यताको विकासद्वारा सामाजिक रूपान्तरण गरी शान्ति, स्थायित्व, सुशासन, दिगो विकास र समुन्नतिको लक्ष्य हासिल गर्न हामीहरूमाथि थप जिम्मेवारी आइपरेको वोध गरेका छौं ।

३. नेपालको संविधान-२०७२, स्थानीय सरकार सञ्चालन ऐन-२०७४, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन-२०७८, ले निर्दिष्ट गरेका व्यवस्था तथा संघीय र प्रादेशिक विषयगत नीति तथा योजनाहरू, नेपालको दिगो विकासका लक्ष्यको अवस्था र मार्गचित्र २०१६-२०३० ले परिलक्षित गरेका मार्गदर्शन तथा सार्वभौम शक्तिका श्रोत जनताको मताधिकारको माध्यमबाट निर्वाचित जनप्रतिनिधिहरूको भावनालाई समेट्दै दंगीशरण गाउँपालिकाको अध्यक्षको हैसियतबाट यस गरिमामय गाउँसभामा आर्थिक वर्ष २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा आफूलाई अझै बढी गौरवान्वित महशुस गरेको छु ।

४. दोश्रो कार्यकालको लागि सम्पन्न निर्वाचनबाट निर्वाचित भएर आएपछि विपन्न, असहाय, गरिब, महिला तथा जेष्ठ नागरिकलाई लक्षित गरि केहि नयाँ कार्यक्रमहरूको शुरूवात गरिएको थियो । यस अवधिमा शुरू गरिएका **"उज्यालो आँखा कार्यक्रम", "छोरी सम्मान कार्यक्रम", "सुत्केरी पोषण प्रोत्साहन", "दिर्घरोगीहरूलाई निःशुल्क औषधी वितरण", "दंगीशरण स्वास्थ्य सुधार कार्यक्रम मार्फत अपाङ्ग, जेष्ठ नागरिक, गर्भवती तथा सुत्केरी र विपन्नहरूको स्वास्थ्य स्याहार"**, वडा-वडामा सामाजिक सुरक्षा भत्ता वितरण जस्ता जनमूखि कार्यक्रमहरूलाई

१७औं गाउँ सभाको
बैठक संख्या: २।२०८१।८१
मिति २०८१।०३।१० को
निर्णय प्रमाणित।

शम्भु गिरी
अध्यक्ष

तिनको आवश्यकता, प्रभावकारिता तथा उपलब्धी र औचित्यका आधारमा आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिइनेछ । **"हाम्रो प्रण, समुन्नत दंगीशरण"** भन्ने मूल नाराका साथ दंगीशरण गाउँपालिकाको समग्र आर्थिक विकास, समृद्धि तथा सुशासनका लागि हामी सदैव प्रतिवद्ध रहिआएका छौं । सीमित श्रोत साधनको अधिकतम् परिचालन गरी हाम्रो परिकल्पना अनुसारको समुन्नत दंगीशरण बनाउने अभियानको कडीको रूपमा रहेको सुशासन, वित्तिय अनुशासन, पारदर्शिता, मितव्ययिता जस्ता पक्षहरूलाई कडाईका साथ लागु गर्ने हाम्रो मूल नीति रहँदै आएको छ ।

५. सानो भौगोलिक क्षेत्र, सीमित प्राकृतिक श्रोत तथा वित्तीय आम्दानी एवं राजश्वको न्यून सङ्कलन जस्ता प्रतिकूलताका बावजुद पनि उपलब्ध श्रोत साधनहरूको मितव्ययी र प्रभावकारी परिचालन, सुशासन, स्थानीय सीप तथा श्रोतहरूको अधिकतम् परिचालन, विकास साझेदारहरूसँग सहकार्य तथा सहलगानीका आधारमा उत्पादकत्व वृद्धि गरी आर्थिक समृद्धि हासिल गर्नु हाम्रो मूल नीति रहेको छ ।

सभाका सदस्यज्यूहरू ।

अब म यस गाउँपालिकाबाट आगामी आ.व. २०८१/०८२ मा प्राथमिकताका साथ अंगिकार गरिने केही प्रमुख नीतिहरू यस गरिमामय सभा समक्ष राख्न चाहन्छु ।

६. **"गाउँ गाउँमा सिंहदरबार, घर घरमा सरकार"** को अवधारणा अनुरूप गाउँपालिकाबाट प्रदान गरिने सेवालाई सरल, पारदर्शी र छिटोछरितो बनाई स्थानीय सरकारप्रति जनताको विश्वसनीयता अभिवृद्धि गर्ने विशेष नीति अवलम्बन गरिनेछ ।

७. जनताको आधारभूत मौलिक हक अन्तर्गत रहेका शिक्षा, स्वास्थ्य, खानेपानी, आधारभूत सरसफाई, पोषण, मानवअधिकारको संरक्षण तथा संवर्द्धन र सामाजिक न्याय जस्ता आधारभूत पक्षहरूलाई विकासको प्रमुख सूचकको रूपमा अङ्गिकार गरी सोहि अनुरूप योजना तथा कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयनलाई प्राथमिकतामा राखिनेछ ।विद्यालयमा भर्नादर वृद्धि गर्न जनप्रतिनिधी, कर्मचारी, शिक्षकहरूलाई आफ्ना सन्तति अनिवार्य रूपमा सामुदायिक विद्यालयमा भर्ना गर्नुपर्ने गरी नीतिगत व्यवस्था गरिनेछ ।

८. समुन्नतिको प्रमुख आधारको रूपमा रहेको र बहुसंख्यक दंगीशरणवासीको प्रमुख पेशाको रूपमा रहेको कृषि तथा पशुपालन क्षेत्रको आधुनिकीकरण र व्यवसायीकरणको लागि विशेष जोड दिँदै कृषि क्षेत्रमा लगानी अभिवृद्धि गर्ने नीति लिइनेछ ।

९. आधारभूत स्वास्थ्य सेवालाई सरल, सहज, गुणस्तरीय बनाई जनताको घरदैलोमा पुर्याउने नीति अनुरूप नियमित खोप, वृद्धि अनुगमन, गर्भजाँच, परिवार योजना सेवा र स्वास्थ्य शिक्षा तथा सचेतना कार्यक्रमलाई थप व्यवस्थित गरी भौगोलिक विकटता भएका क्षेत्रमा समेत विस्तार गरिनेछ ।

१०. समाजमा हुने लैङ्गिक तथा जातिय विभेद, उत्पीडन, घरेलु हिंसा जस्ता अमानवीय गतिविधीहरूलाई निरूत्साहित गर्दै जातिय छुवाछुत मुक्त पालिका घोषणा गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।

गाउँ सभाको
बैठक संख्या: २१२८०१८२
मिति २०८१।३।१० को
निर्णय प्रमाणित।

शम्भु गिरी
अध्यक्ष

११. समाजमा मानवीय विकासको सूचकाङ्कमा पछाडि परेका जातजाती, समुदाय र वर्गका मानिसहरूलाई लक्षित गरी विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१२. गाउँपालिकाबाट प्रवाह गरिने सेवाहरूलाई अपाङ्गमैत्री बनाउन प्रशासनिक भवनमा लिफ्ट जडान गर्ने तथा वडा कार्यालय र गाउँपालिका अन्तर्गतका कार्यालयहरूमा अपाङ्गमैत्री संरचना निर्माण गर्न लगाइनेछ ।

१३. समावेशी विकासको अवधारणा अनुरूप योजना तथा कार्यक्रम छनौट गर्दा टोल तथा वस्ती भेलाको माध्यमबाट गर्ने गरी संस्थागत विकास गर्न टोल विकास संस्था गठन गर्ने कार्य आगामी आ.व.मा सम्पन्न गरिनेछ ।

१४. गाउँपालिकाबाट सञ्चालन हुने योजनाहरू उपभोक्ता समितिहरू मार्फत सञ्चालन गर्ने कार्यलाई प्राथमिकता दिँदै उपभोक्ता समितहरूलाई दक्ष र सक्षम बनाउन योजना सम्झौता पूर्व उपभोक्ता समितिहरूलाई क्षमता विकास तालिम दिइनेछ ।

१५. गाउँपालिकाले योजनाहरू छनौट गर्दा स्थानीय श्रोत र साधनको अधिकतम् उपयोग हुने, स्थानीय सीप र प्रविधीको प्रयोग गरिने, छिटो प्रतिफल दिने र कम लागतमा सम्पन्न गर्ने सकिने खालका योजनाहरू छनौट गरिनेछ ।

१६. गाउँपालिकाको श्रोतबाट सञ्चालन हुने योजनाहरूमा दुरदराजमा रहेका गाउँ तथा वस्तीहरूलाई सडक सञ्जालसँग जोड्ने सडक तथा पुल, सिचाई, सार्वजनिक भवन, विद्युत विस्तार, खानेपानी, जलाधार संरक्षण, जलउत्पन्न प्रकोप नियन्त्रण तथा दिगो विकासमा टेवा पुग्ने पूर्वाधार योजनाहरूलाई प्राथमिकता दिइनेछ ।

१७. योजनाहरूको प्राथमिकिकरण गर्दा जनताको आर्थिक अवस्थामा टेवा पुर्याई गरिबी निवारणमा योगदान दिने, दिगो विकासका लक्ष्यहरू पुरा गर्न सघाउ पुर्याउने, रोजगारी सिर्जना गर्ने जस्ता कुराहरूलाई विशेष ध्यान दिइनेछ ।

१८. कार्यालयमा हुने ढिलासुस्ती, अनियमितता, भ्रष्टाचारजन्य क्रियाकलाप नियन्त्रण गरी सुशासन, मितव्ययिता र पारदर्शिता कायम गर्न नागरिकका गुनासा, सल्लाह तथा सुझाव सङ्कलन गरी कार्यान्वयन गर्न छुट्टै संयन्त्र बनाउने गरी कार्य गरिनेछ ।सार्वजनिक सुनुवाईको कार्यलाई थप व्यवस्थित बनाउँदै लगिनेछ ।

१९. कार्यालयबाट सञ्चालन हुने कुनैपनि योजना तथा कार्यक्रमको भुक्तानी सोझै सम्बन्धित विक्रेता फर्म वा संस्थाको बैंक खातामा जम्मा हुने गरी व्यवस्था मिलाइनेछ । कार्यालयको तर्फबाट हुने सबै खरिदलाई एकद्वार प्रणालीबाट इलेक्ट्रोनिक बिडिङ्ग मार्फत गरिनेछ ।

२०. आगामी आ.व. को योजना तथा कार्यक्रम तर्जुमा गर्दा वातावरण संरक्षण, जलवायु अनुकूलन, पर्यावरणीय विकासको कार्यलाई विशेष प्राथमिकतामा राखि योजना तथा कार्यक्रम तर्जुमा गरिनेछ ।

१६औं गाउँ सभाको
बैठक संख्या: ३।२०८०।०८१
मिति २०८१।०३।३० को
निर्णय प्रमाणित।

शम्भु गिरी
अध्यक्ष

२१. विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापनलाई प्राथमिकता दिँदै गाउँपालिका अन्तर्गत रहेका सबै वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरूमा विपद् उद्दार तथा प्रतिकार्यका सामाग्रीहरू उपलब्ध गराई हरबखत सजग अवस्थामा राखिनेछ ।

२२. जेष्ठ नागरिक, दिर्घरोगीहरूको स्वास्थ्योपचारको लागि लगत सङ्कलन गरी निशुल्क रूपमा स्वास्थ्य परीक्षण तथा औषधी वितरणको व्यवस्था मिलाइनेछ ।

२३. दंगीशरण गाउँपालिकाको स्थानीय भाषा, संस्कृति, परम्परा, प्रथाजनित अभ्यास र लोकसंस्कृतिको विकासको लागि कानूनी व्यवस्था गर्न आगामी आ.व.मा कानूनहरू निर्माण गरी लागु गरिनेछन् ।

२४. नागरिकसँग साक्षात्कार गरी जनताका पिरमर्का, गुनासा तथा सुझाव लिने उद्देश्यका साथ नागरिकसँग अध्यक्ष कार्यक्रम मार्फत गाउँ, टोल, समुदायबाट सुझाव सङ्कलन गरिनेछ ।

२५. गाउँपालिकाबाट प्रदान गरिने सेवाहरूलाई छिटोछरितो, व्यवस्थित र पहुँचयोग्य बनाउन सफ्टवेयरको माध्यमबाट स्वचालित रूपमा प्रदान गर्ने व्यवस्था मिलाउन अध्ययन गरी उपयुक्त व्यवस्था मिलाइनेछ ।

गाउँसभाका सदस्यज्यूहरू

अब म आर्थिक वर्ष २०८१/०८२ मा सञ्चालन गरिने विषयक्षेत्रगत नीति तथा कार्यक्रमहरू पेश गर्ने अनुमति चाहन्छु । सर्वप्रथम आर्थिक विकास क्षेत्रसँग सम्बन्धित नीति तथा कार्यक्रमहरू पेश गर्दछु ।

आर्थिक विकास

(क) कृषि विकास तथा प्रसार

२६. दंगीशरण गाउँपालिकाको प्रमुख पेशाको रूपमा रहेको कृषि क्षेत्रको विकासको लागि उन्नत वीउ विजन उत्पादनको लागि प्रोत्साहित गरी वीउ उत्पादनको लागि अनुदान दिने व्यवस्था मिलाइनेछ ।

२७. कृषि क्षेत्रमा आधुनिकीकरण गर्न किसानसँग लागत साझेदारीमा कृषि औजार तथा उपकरण, वीउ, मल उपलब्ध गराउनुका साथै आधुनिक र व्यवसायिक खेतिका लागि कृषक समूहहरूलाई तालिम प्रदान गरिनेछ ।

२८. जैविक खेति प्रणालीको विकास गरी तरकारी, फलफूल तथा अन्न उत्पादनका लागि प्रविधि विकास तथा हस्तान्तरण कार्यक्रम सञ्चालन गरिनेछ । पर्यावरणमा आधारित जैविक मल उत्पादन, गडयौला उत्पादन, जैविक झोल मल, बोकासी मल, कम्पोष्ट चिया, कोसेवाली, चक्रिय बाली प्रविधी, मिश्रित तथा अन्तरबाली, छापो प्रविधी, बाली विविधीकरणलाई प्रवर्द्धन गरी बजारीकरण र प्रचार प्रसारको लागि अनुदान दिने व्यवस्था गरिनेछ ।

२९. साझेदार संस्थासँगको साझेदारीमा सामूहिक तरकारी, फलफूल तथा खाद्यान्न बालीको खेतिपातीको लागि प्रविधीको विकास तथा बजारीकरणको लागि आवश्यक प्रवन्ध मिलाइनेछ । बेमौसमी तरकारी उत्पादन तथा बजारीकरणको लागि आवश्यक प्राविधिक सहयोग उपलब्ध गराइनेछ ।

शम्भु गिरी
अध्यक्ष

गाउँ सभाको
बैठक संख्या: २।२०८१।०८
मिति २०८१।०३।१५ को
निर्णय प्रमाणित।

३०. माटोको अम्लियपना जाँचको लागि कृषि शाखाको क्षमता विकास तथा विस्तारमा जोड दिइनेछ । रासायनिक मलको बढ्दो प्रयोगलाई नियन्त्रण गर्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।जलवायु मैत्री कृषि उत्पादनलाई प्राथमिकतामा राखि कार्यन्वयन गरिनेछ ।

३१. तरकारी, फलफूल तथा खाद्यान्न बाली प्रवर्द्धनका लागि परीक्षणको रूपमा बाली बीमा कार्यक्रमको शुरूवात गरिनेछ ।

३२. तरकारी, फलफूल तथा खाद्यान्न बालीमा आत्मनिर्भर बनाउन कृषि क्षेत्रको विकासको लागि सिचाई, प्रविधीको विकास, बाली संरक्षण तथा भण्डारणको लागि साझेदार निकायहरूसँगको सहकार्यका आधारमा लगानी प्रवर्द्धन गरिनेछ ।

३३. तरकारी, फलफूल तथा खाद्यान्न बालीमा लाग्ने रोगहरूको रोकथाम तथा नियन्त्रणलाई प्रभावकारी बनाउन स्थलगत निरीक्षण, अवलोकनलाई तिब्र बनाउँदै समय मै रोकथाम र नियन्त्रणको आवश्यक व्यवस्था मिलाइनेछ ।

३४. छिटो र बढी मुनाफा दिने खालका दलहन, तेलहन, मकै तथा तरकारी खेतिको पकेट क्षेत्रको रूपमा विकास गर्ने तथा बाली विविधीकरणलाई विशेष ध्यान दिइनेछ ।

३५. अदुवा, बेसार, लसुन, प्याज जस्ता मसलाजन्य वस्तु उत्पादन गरी बजारीकरण गर्न कृषकलाई प्रोत्साहित गरिनेछ ।

(ख) पशुपन्छि विकास तथा प्रसार

३६. आम्दानीको प्रमुख श्रोतको रूपमा रहेको पशुपन्छि व्यवसायलाई उन्नत तथा व्यवसायिक बनाउन पशुपालक कृषकहरूलाई आधुनिक पशुपालन व्यवसाय सम्बन्धी तालिम प्रदान गरिनेछ ।

३७. मासु, दुग्ध उत्पादनलाई प्रवर्द्धन गर्न पशु नश्ल सुधार कार्यक्रमलाई थप व्यवस्थित गरी कृत्रिम गर्भाधानलाई सहज र सर्वसुलभ गराइनेछ ।

३८. पशुपन्छि व्यवसाय प्रवर्द्धनका साझेदार संस्थासँगको सहकार्यमा गोठ, खोर तथा भकारो सुधार कार्यक्रमलाई विस्तार गरिनेछ ।

३९. किसानसँग लागत सहभागितामा उन्नत जातका बोका, राँगा, बङ्गुर, कुखुरा, हाँस वितरण गरी पशुपालन व्यवसायतर्फ किसानलाई आकर्षित गरिनेछ ।

४०. मत्स्यपालन व्यवसायलाई प्रवर्द्धन गरी माछाको उत्पादन वृद्धि गर्न मत्स्य व्यवसायलाई यान्त्रिकरण गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

४१. पशुपन्छिलाई लाग्न सक्ने रोगको रोकथाम तथा नियन्त्रणका लागि भ्याक्सिन लगाउने कार्यलाई निरन्तरता दिनुको साथै औषधीको उपलब्धता १२ महिना हुने गरी सुनिश्चितता गरिनेछ ।

गाउँ सभाको
बैठक संख्या: ३।१२८०७७
मिति २०८१।३।१७ को
निर्णय प्रमाणित।

शम्भु गिरी
अध्यक्ष

४२. पशुपन्छि महामारी रोकथाम तथा नियन्त्रणको लागि हरबखत सजग रहने गरी आवश्यक व्यवस्था गरिनेछ । महामारी रोकथामको लागि समय मै भ्याक्सिन उपलब्ध गराउन व्यवस्था गरिनेछ ।

४३. दाडको पहिचानको रूपमा रहेको बधिया भालें उत्पादनलाई प्रवर्द्धन गर्न कुखुराको बन्ध्याकरणलाई निशुल्क र सर्वसुलभ गराइनेछ ।

४४. दंगीशरण गाउँपालिकाभित्र रहेका तालहरूको संरक्षण गरी मत्स्य व्यवसाय सञ्चालन गर्न ताल तथा नदी संरक्षण र मत्स्य व्यवसाय सञ्चालन गर्न सक्ने गरी आवश्यक कानूनी व्यवस्था गरिनेछ । बबई नदीमा मत्स्य व्यवसाय गर्न प्रोत्साहित गरिनेछ ।

४५. दंगीशरण गाउँपालिकामा रहेको गौशालालाई थप व्यवस्थित गर्न पूर्वाधार निर्माण तथा पशु संरक्षणको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

(ग) उद्योग तथा व्यवसाय

४६. परम्परा तथा संस्कृतिमा आधारित घरेलु तथा साना उद्योग सञ्चालन गरी व्यवसायिक उत्पादन वृद्धि गर्न सीप विकास तथा बजारीकरणलाई विशेष प्राथमिकता दिइनेछ ।

४७. सामुहिक रूपमा घरेलु तथा साना उद्योग व्यवसाय सञ्चालनका लागि आवश्यक लगानीका लागि साझेदार निकाय तथा वित्तिय संस्थाहरूसँग सहकार्य गरिनेछ ।

४८. स्थानीय रूपमा उपलब्ध कच्चा पदार्थ प्रयोग गरी उत्पादित वस्तुको प्रयोग तथा बजारीकरणका लागि विशेष प्रोत्साहन गरिनेछ । आगामी आर्थिक वर्षदेखि गाउँपालिका, वडा कार्यालय तथा मातहतका कार्यालयबाट सञ्चालित सम्पूर्ण कार्यक्रमहरूमा प्लास्टिकबाट उत्पादित प्लेट, कप, कचौराहरूको प्रयोगलाई प्रतिबन्धित गरी स्थानीय रूपमा उत्पादित दुना, टपरी तथा प्लेटको प्रयोग गर्न आवश्यक निर्णय गरिनेछ ।

४९. स्थानीय कच्चा पदार्थ र सीपको प्रयोग गरी वस्तु उत्पादन गर्ने उद्योग व्यवसायलाई गाउँपालिकामा तिर्नुपर्ने व्यवसाय करमा छुट दिने व्यवस्था गरिनेछ ।

५०. दलित जातिको परम्परागत पेशासँग सम्बन्धित उद्योग वा व्यवसाय सञ्चालन गर्दा लाग्ने व्यवसाय दर्ता शुल्क निशुल्क गर्ने व्यवस्था मिलाइनेछ ।

(घ) पर्यटन

५१. दंगीशरण गाउँपालिकाको प्रशासनिक भवनमा दंगीशरण गाउँपालिकाभित्र रहेका पुरातात्विक, सांस्कृतिक तथा पर्यटकीय क्षेत्रहरूको जानकारी गराउने खालका तस्विरहरू राख्ने व्यवस्था मिलाइनेछ ।

५२. संघीय सरकार, प्रदेश सरकारसँगको सहकार्यमा दंगीशरण गाउँपालिकाभित्र रहेका पर्यटकीय स्थलहरूको पूर्वाधार विकासको लागि पहल गरिनेछ ।

गाउँ सभाको
बैठक संख्या: ५१२०८०७९
मिति २०८१।०३।२० को
निर्णय प्रमाणित।

शम्भु गिरी
अध्यक्ष

५३. दंगीशरण गाउँपालिकाको सांस्कृतिक पहिचान दिने थारू जातिको संस्कृतिसँग जोडिएका भेषभुषा, पहिरन, खानपिन, नाचगान र थारू संस्कारको प्रचार प्रसारको लागि गाउँपालिकाको आयोजनामा सांस्कृतिक महोत्सव आयोजना गर्नुको साथै दाङ जिल्ला र आसपासका जिल्लाहरूमा आयोजित सांस्कृतिक महोत्सवहरूमा सहभागी गराउने व्यवस्था मिलाइनेछ ।

५४. थारू संस्कृतिमा आधारित होम स्टे, पाहुना घर, कोसेली घर, संग्रहालय तथा पार्कहरूको विकास र विस्तारको लागि विशेष पहल गरिनेछ ।

५५. दंगीशरणको चखौरामा रहेको थारू सांस्कृतिक संग्रहालय क्षेत्रमा रहेको पिकनिक तथा पार्किङ्ग स्थललाई थप व्यवस्थित गर्न पूर्वाधार निर्माण गरिनेछ । पिकनिक र पार्किङ्ग स्थलको व्यवस्थापन गाउँपालिकाले गर्ने गरी आवश्यक व्यवस्था मिलाइनेछ ।

५६. दंगीशरण गाउँपालिकाभित्र रहेका पार्कहरूमा थप पूर्वाधारको व्यवस्था गरी आकर्षक गन्तव्यको रूपमा विकास गर्न संघीय तथा प्रदेश सरकारसँग विशेष पहल गरिनेछ ।

५७. बबई नदीमा जल पर्यटकीय क्षेत्रको रूपमा विकास गर्न आवश्यक सम्भाव्यता अध्ययन गरिनेछ ।

(ङ) सहकारी

५८. सहकारिताको भावना अनुरूप वित्तिय क्षेत्रको क्रियाकलापहरूलाई थप क्रियाशील बनाउन आवश्यक सहजिकरण गरिनेछ ।

५९. सहकारी संस्थाहरूलाई नियमन गरी सबै कारोबारहरू सफ्टवेयर मार्फत गर्नका लागि कोपोमिस तालिमको व्यवस्था गरी लागु गराइनेछ ।

६०. सहकारी संस्थाका क्रियाकलापहरूलाई व्यवस्थित गर्न सहकारी संस्थाहरूलाई कार्यालय सञ्चालन, लेखा व्यवस्थापन तथा वित्तिय साक्षरता सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

६१. कृषि मल पारदर्शी तरिकाले वितरणको व्यवस्था मिलाउन प्रभावकारी अनुगमन तथा सुपरीवेक्षणको व्यवस्था गरिनेछ ।

६२. समस्याग्रस्त तथा रूग्ण सहकारी संस्थाहरूलाई एकापसमा मर्ज हुन प्रोत्साहित गरिनेछ ।

(च) रोजगार

६३. प्रधानमन्त्री रोजगार कार्यक्रमका क्रियाकलापहरूलाई विकास निर्माणका क्रियाकलापसँग समन्वय गरी रोजगारी सिर्जना तथा पूर्वाधार विकासमा जोड दिइनेछ ।

६४. विदेशबाट फर्किएका युवाहरूलाई सीपमूलक तालिमहरू कपाल कटाई, मोटरसाइकल मर्मत, मोबाइल मर्मत, कम्प्युटर मर्मत जस्ता तालिम प्रदान गरी स्वरोजगार बन्नका लागि प्रोत्साहित गरिनेछ ।

गाउँ सभाको
बैठक संख्या: २/२०८१/८२
मिति २०८१/०३/१७ को
निर्णय प्रमाणित।

शम्भु गिरी
अध्यक्ष

६५. रोजगार सेवा केन्द्रको क्रियाकलापहरूलाई सशक्त बनाई रोजगार सूचना केन्द्रको रूपमा व्यवस्थित गरिनेछ । उक्त केन्द्रले श्रम बजारको खोजि गरी बेरोजगार व्यक्तिहरूलाई श्रोत केन्द्रको रूपमा काम गर्न सक्ने बनाइनेछ ।

६६. रोजगारीका अवसरहरू सिर्जना गर्नका लागि रोजगार संवाद कार्यक्रमको आयोजना गरी स्वरोजगारीका क्षेत्रहरू पहिचान गरेर युवाहरूलाई आत्मनिर्भरतातर्फ उन्मुख गराइनेछ ।

(छ) भूमि व्यवस्थापन

६७. भूमिको अव्यवस्थित उपयोगलाई नियन्त्रण एवं नियमन गरी भू-उपयोग योजनाका आधारमा जग्गाको वर्गीकरण गरी उपयोगमा ल्याउन नियमन गरिनेछ । भूमिको खण्डिकरण र जथाभावी उपयोगलाई निरूत्साहित गरिनेछ ।

६८. कृषियोग्य जमिनलाई वस्ती बिस्तारमा परिणत गर्ने कार्यलाई नियमन गरी रोकिनेछ । कृषियोग्य जमिन बाँझो राख्ने जग्गाधनिसँग थप भूमिकर असुल गर्ने नीति अङ्गिकार गरिनेछ ।

६९. अव्यवस्थित ऐलानी तथा सार्वजनिक जग्गालाई व्यवस्थित गर्न जग्गा नापी कार्यलाई निरन्तरता दिइनेछ । जग्गा नापी कार्यलाई छिटो सम्पन्न गर्न थप जनशक्ति परिचालन गरिनेछ ।

७०. सरकारी स्वामित्वमा रहेका सार्वजनिक जग्गालाई गाउँपालिकाको मातहतमा ल्याई तिनको संरक्षण र उपयोगका लागि थप कार्यक्रम सञ्चालन गरिनेछ ।

सामाजिक विकास

(क) शिक्षा

७१. "शिक्षित नागरिक, समुन्नत दंगीशरण" भन्ने मूल मन्त्रलाई साकार पार्न दंगीशरण गाउँपालिकाभित्रका कुनैपनि बालबालिकालाई विद्यालय जानबाट बञ्चित हुन दिइने छैन । अपाङ्ग, टुहुरा बालबालिकालाई विद्यालयमा आकर्षित गर्न पोशाक, पाठ्यपुस्तक, शैक्षिक सामाग्रीको निःशुल्क व्यवस्था गरिनेछ ।

७२. बालबालिकालाई विद्यालयमा आकर्षित गर्न विद्यालय दिवा खाजा कार्यक्रमलाई प्रभावकारी बनाउन नियमित रूपमा अनुगमन गर्ने व्यवस्था मिलाइनेछ । दिवा खाजा कार्यक्रममा स्थानीय रूपमा उत्पादन हुने पोषिलो खानेकुराहरूलाई प्राथमिकता दिइनेछ ।दिवा खाजा कार्यक्रमलाई सबै विद्यालयहरूमा लागु गर्न थप अध्ययन गरिनेछ । तयारी खानेकुरा तथा जङ्क फुडलाई पूर्ण रूपमा निषेध गरिनेछ ।

७३. विद्यालयको पूर्वाधार विकासमा जोड दिई थप कक्षाको आवश्यकता भएका विद्यालयहरूमा नयाँ कक्षा कोठा निर्माण तथा मर्मत सम्भार गरिनेछ । सौचालय अपुग भएका विद्यालयहरूमा थप सौचालयको निर्माण गरिनेछ । खेल मैदान तथा कम्पाउण्ड वाल नभएका विद्यालयमा पर्खाल निर्माण तथा खेलमैदान मर्मत सम्भार गरिनेछ ।

९७औं गाउँ सभाको
बैठक संख्या: २१२०७१०१७
मिति २०७२।०३।१७ को
निर्णय प्रमाणित।

शम्भु गिरी
अध्यक्ष

७४. प्राविधिक धार सञ्चालन गरेका विद्यालय तथा नमुना विद्यालयमा थप शैक्षिक तथा भौतिक सुविधाहरू वृद्धि गरिनेछ । विज्ञान प्रयोगशाला नभएका विद्यालयहरूमा प्रयोगशाला बनाउन अनुदान उपलब्ध गराइनेछ । प्रयोगात्मक अभ्यासको लागि स्थलगत अध्ययन तथा ओ.जे.टी.को लागि अनुदान सहयोग उपलब्ध गराइनेछ । थप विद्यालयहरूमा प्राविधिक धार सञ्चालनका लागि सम्भाव्यता अध्ययन गरी आवश्यक प्रक्रिया अगाडी बढाइने छ ।

७५. विद्यालयमा शैक्षिक सुशासन कायम गर्न नियमित सुपरीवेक्षण तथा अनुगमनलाई अझ बढी सशक्त बनाइनेछ । उत्कृष्ट कार्य गर्ने शिक्षकलाई सम्मान गरिनेछ । नैतिक शिक्षाको माध्यमबाट सुसंस्कृत समाज निर्माणमा योगदान पुग्ने गरी शिक्षा प्रदान गर्ने व्यवस्था गरिनेछ ।

७६. भूगोल र विद्यार्थी संख्याको आधारमा सामुदायिक विद्यालयको कक्षा समायोजन गर्ने नीति लिइनेछ । न्यूनतम् विद्यार्थी संख्या नभई फाजिलमा रहेका शिक्षकहरूलाई विद्यार्थी संख्या धेरै भएका विद्यालयमा स्थानान्तरण गरिनेछ ।

७७. तोकिएको संख्या भन्दा बढी विद्यार्थी भएका विद्यालयलाई शिक्षक व्यवस्थापनका लागि पि.सी.एफ. अनुदान उपलब्ध गराइनेछ । संघीय सरकारबाट छनौट भएका विद्यालय शिक्षा सम्बन्धी कार्यक्रमहरूको प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।

७८. विद्यालयमा पाठ्यपुस्तक तथा शैक्षिक सामाग्रीको अभाव हुन दिइने छैन । सबै विद्यालयहरूमा पुस्तकालयको स्थापना गर्नका लागि अनुदानको व्यवस्था गरी पुस्तकालयको स्थापना र समुचित उपयोग भए नभएको नियमित अनुगमन गरिनेछ ।

७९. आधारभूत तहमा दंगीशरण गाउँपालिकाको आफ्नै स्थानीय पाठ्यक्रम निर्माण गरी क्रमिक रूपमा लागु गरिएको छ । यसको प्रभावकारी कार्यवन्यनको लागि आवश्यकता अनुसार पाठ्यक्रम परिमार्जन गर्दै लगिनेछ । शैक्षिक सुधारको कडीको रूपमा रहेको विद्यार्थी मूल्याङ्कन प्रणालीलाई सुदृढ तुल्याई निरन्तर मूल्याङ्कनमा जोड दिइनेछ ।

८०. स्मार्ट विद्यालयको अवधारणा अनुरूप आगामी आर्थिक वर्षमा नमुना विद्यालयबाट डिजिटल विद्यालय तथा स्मार्ट कक्षाको परीक्षण गरी क्रमशः सबै विद्यालयहरूमा विस्तार गर्दै लगिनेछ । थप माध्यमिक विद्यालयहरूमा Interactive Board को व्यवस्था गरिनेछ ।

८१. न्यूनतम् विद्यार्थी संख्या पुगेका अंग्रेजी र विज्ञान शिक्षक व्यवस्थापनको लागि आधारभूत तह कक्षा ६-८ र माध्यमिक तह ९-१० सञ्चालित विद्यालयलाई दिइदै आएको एकमुष्ठ अनुदानलाई निरन्तरता दिइनेछ ।

८२. कक्षा १० को सिकाइ उपलब्धी सुधार गर्नको लागि अतिरिक्त कक्षाको व्यवस्था गरिनेछ । सामुदायिक विद्यालयबाट कक्षा १० उत्तीर्ण भएका कक्षा ११ र १२ मा विज्ञान विषय अध्ययन गर्ने छात्रछात्रालाई मासिक छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

दंगीशरण गाउँ सभाको
बैठक संख्या: २।२०८०।८।७
मिति २०८०।७।३।२७ को
निर्णय प्रमाणित।

शम्भु गिरी
अध्यक्ष

८३. शैक्षिक क्यालेण्डर अनुसार विद्यालयको पठनपाठन, बिदा, परीक्षा जस्ता क्रियाकलापहरूमा एकरूपता कायम गरिनेछ । प्रभावकारी समूह सुपरीवेक्षण प्रणाली मार्फत विद्यार्थी सिकाइको सुनिश्चितता गरिनेछ ।

८४. बाल विकास केन्द्रको कक्षा व्यवस्थापन, सिकाइ सामाग्री व्यवस्थापन तथा बाल विकास शिक्षकको क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

८५. सामुदायिक विद्यालयमा अध्ययन गर्ने किशोरीहरूलाई निःशुल्क स्यानिटरी प्याड वितरण गरिनेछ ।

८१. शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मूल्याङ्कन, शिक्षक मेन्टरिङ्ग तथा विद्यालय सुपरीवेक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

८२. कक्षा ५ र ८ का विद्यार्थीको उपलब्धिस्तर मापनको लागि उपलब्धी परीक्षा सञ्चालनमा ल्याइनेछ । अंग्रेजी भाषाको पाठ्यपुस्तकको लागि उपलब्ध गराउँदै आएको अनुदानलाई निरन्तरता प्रदान गरिनेछ ।

८३. शिद्ध पृथ्वी जनता क्याम्पसको स्तरोन्नतिको लागि पूर्वाधार निर्माण, शैक्षिक सामाग्रीको व्यवस्था तथा क्याम्पस सञ्चालनको लागि दिइँदै आएको अनुदानलाई निरन्तरता दिइनेछ ।

(ख) युवा तथा खेलकूद

८४. विद्यार्थीहरूको सर्वाङ्गिण विकासको लागि राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता तथा युवाहरूको व्यक्तित्व विकासमा टेवा पुर्याउन अध्यक्ष कप फुटबल तथा भलिवल प्रतियोगितालाई आगामी वर्ष पनि निरन्तरता दिँदै थप खेल समावेश गर्दै लगिनेछ ।

८५. युवा नेतृत्व विकास क्षमता अभिवृद्धिका लागि कार्यक्रमको तर्जुमा गरिनेछ । युवाको जोस जाँगरलाई सामाजिक रूपान्तरणमा उपयोग गर्न विभिन्न सिर्जनात्मक कार्यमा युवालाई संलग्न गराउने नीति लिइनेछ । प्रतिभावान युवा पहिचान गरी नवप्रवर्तनात्मक कार्यका लागि अनुदान सहयोग उपलब्ध गराइनेछ ।

८६. खेलकूदको विकासको लागि पूर्वाधार निर्माण गर्न हरेक वडामा कम्तिमा एउटा खेल मैदान निर्माण गर्दै लगिनेछ ।

८७. **"राष्ट्रको लागि खेलकूद, स्वास्थ्यको लागि खेलकूद"** को प्रभावकारी कार्यान्वयनको लागि खेलकूद सम्बन्धी पूर्वाधार निर्माणलाई जोड दिँदै थप खुल्ला व्यायामशाला निर्माण गरिनेछ । पालिकाबाहिर आयोजना हुने खेलकूद प्रतियोगितामा सहभागिताका लागि अनुदानको व्यवस्था गरिनेछ ।

(ग) स्वास्थ्य

८८. **"असल स्वास्थ्य, समुन्नतिको आधार"** को मान्यता अनुरूप नागरिकको स्वास्थ्यको सुरक्षा, प्रवर्द्धन, उपचार र रोगको रोकथामको लागि आधारभूत स्वास्थ्य सेवाको गुणस्तरमा ध्यान दिई सरल, सहज र सर्वसुलभ बनाउन पर्याप्त व्यवस्था गरिनेछ ।

९ औं गाउँ सभाको
बैठक संख्या: २
मिति २०७१।३।१७ को
निर्णय प्रमाणित।

शम्भु गिरी
अध्यक्ष

८९. स्वास्थ्य संस्थाहरूमा औषधीको नियमित आपूर्तिको लागि समयमा नै औषधी खरिद प्रक्रिया अगाडि बढाई बाह्रै महिना निशुल्क औषधी वितरणको व्यवस्था मिलाइनेछ । दिर्घरोगीहरूको लगत सङ्कलन गरी चिकित्सकको सिफारिस अनुसारका औषधी वितरणको आवश्यक व्यवस्था मिलाइनेछ ।

९०. खोप, गर्भजाँच, पोषण सेवा, परिवार योजना सेवा लगायतका आधारभूत स्वास्थ्य सेवालाई नागरिकको घरदैलोमा नै प्रदान गर्न खोप तथा गाउँघर क्लिनिक सेवालाई थप विस्तार गरिनेछ । घरमा हुने सुत्केरीलाई सून्यमा झारिने छ ।

९१. किशोरीहरूमा रहेको रक्तअल्पताको रोकथामको लागि विद्यालयहरू मार्फत आइरन फोलेट चक्की वितरणलाई थप व्यवस्थित गरी कार्यान्वयनमा ल्याइनेछ ।

९२. दंगीशरणको गौरवको रूपमा रहेको दंगीशरण आधारभूत अस्पताल सञ्चालनको लागि आवश्यक व्यवस्थापन गरी विशेषज्ञ सेवा प्रदान गर्ने व्यवस्था मिलाइनेछ । आगामी आ.व.बाट अस्पताल फार्मेसी सञ्चालन गरी स्वास्थ्य बीमा कार्यक्रमको शुरूवात गरिनेछ ।

९३. **"पोषणको आधार, खानपानमा सुधार"** लाई व्यवहारमा नै लागु गर्न गाउँपालिकाका बैठक तथा गाउँपालिकाबाट सञ्चालित सबै कार्यक्रमहरूमा तयारी खानेकुरा, पेय पदार्थ तथा जङ्क फुडलाई पूर्णरूपमा निषेध गरिनेछ ।

९४. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूलाई प्रोत्साहित गर्न दिईँदै आएको यातायात तथा प्रोत्साहन रकमलाई निरन्तरता दिँदै अध्ययन अवलोकनको लागि आवश्यक व्यवस्था गरिनेछ । गर्भवती, सुत्केरी, जेष्ठ नागरिक, अपाङ्ग, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, अशक्त तथा असहायहरूलाई निशुल्क रूपमा उपचारको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

९५. अति गरिब, असहाय, गर्भवती, जेष्ठ नागरिकलाई निशुल्क रूपमा एम्बुलेन्स सेवा उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाइनेछ । एम्बुलेन्स सेवा २४ सै घण्टा उपलब्ध हुने गरी तयारी अवस्थामा राखिनेछ । गरिबीको परिचय पत्र पाएका अति विपन्न परिवारको स्वास्थ्य बीमा बापतको प्रिमियम गाउँपालिकाले तिर्ने गरी आवश्यक व्यवस्था मिलाइनेछ ।

९६. नागरिक आरोग्य केन्द्रमा आवश्यक औषधीको व्यवस्था गरी थप सेवाको विस्तार गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

९७. स्वास्थ्य संस्थाहरूबाट सरल, भरपर्दो र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न अनुगमन तथा सुपरीवेक्षणलाई प्रभावकारिताका साथ कार्यान्वयन गरिनेछ । उत्कृष्ट सेवा गर्ने स्वास्थ्यकर्मीलाई पुरस्कृत र सेवामा लापरवाही गर्नेलाई दण्डित गरिनेछ ।

गाउँ सभाको
बैठक संख्या: २।२०८०।०८१
मिति २०८०।०३।३१ को
निर्णय प्रमाणित।

शम्भु गिरी
अध्यक्ष

९८. महामारी रोग नियन्त्रणको लागि द्रुत प्रतिकार्य समूह (RRT) गठन गरी तयारी अवस्थामा राखिनेछ । सिकल सेल एनिमिया तथा थालेसिमियाका बिरामीहरूको छनौट परीक्षण गरी उपचारको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

(घ) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

९९. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको मूल मान्यता अनुरूप महिलाहरूलाई विकासको मूल धारमा ल्याउन महिलाहरूको क्षमता विकास तथा सशक्तिकरण कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै निरन्तरता दिइनेछ ।

१००. **"समान कामको लागि समान ज्याला"** लाई व्यवहारिक रूपमै कार्यान्वयन गर्नका लागि अनुगमन तथा नियमनलाई अझ सशक्त बनाउन आवश्यक कानूनी व्यवस्था गरिनेछ ।

१०१. बाल विवाह, घरेलु हिंसा, लैङ्गिक हिंसा जस्ता सामाजिक अपराधहरूलाई रोकथाम तथा नियन्त्रण गर्न सचेतना अभियान सञ्चालन गर्नुका साथै कानूनी रूपमै दण्डित गर्ने कार्यलाई व्यवहारिक रूपमै लागु गरिनेछ । हिंसापिडित महिलाहरूको उद्दारको लागि **"उपाध्यक्ष हिंसापिडित महिला उद्दार कोष"** को स्थापना गरिनेछ ।

१०२. महिलाहरूलाई आत्मनिर्भर बनाई श्रोतमाथिको पहुँच सुनिश्चितता गर्न सीपमूलक तालिमहरू सञ्चालनका लागि आवश्यक व्यवस्था गरिनेछ । महिलाहरूले उत्पादन गरेका वस्तुहरूको बजारीकरणको लागि विभिन्न सरकारी तथा गैरसरकारी निकायहरूसँग समन्वय र सहजीकरण गरिनेछ ।

१०१. महिलाहरूको सशक्तिकरण तथा क्षमताविकास कार्यक्रममा एउटै व्यक्ति पटक पटक दोहोरिने परिपाटीको अन्त्य गरिनेछ । यस्ता कार्यक्रमहरूमा विपन्न र हिंसापिडित महिलाहरूलाई सहभागी गराउन प्राथमिकता दिइनेछ ।

१०२. **"छोरी सम्मान कार्यक्रम"** लाई निरन्तरता दिइनेछ । कुनै पनि छोरीहरूलाई विद्यालय शिक्षाबाट बञ्चित हुन दिइने छैन ।

१०३. छुवाछुत तथा जातिय विभेद अन्त्यका लागि आगामी आर्थिक वर्षमा कानून तर्जुमा गरी लागु गरिनेछ । दलित सशक्तिकरणका लागि सचेतना तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

१०४. अपाङ्गता भएका व्यक्तिहरूको पहिचान गरी सरकारी तथा साझेदार निकायहरूसँगको समन्वयमा अपाङ्गता सहयोगी सामाग्री वितरण तथा आत्मनिर्भरताका लागि सीपमूलक एवं क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

१०५. बालअधिकारको संरक्षण, सम्वर्द्धन तथा बालहितका क्षेत्रमा काम गर्न संयन्त्र विकासको लागि हरेक वडा तथा पालिकास्तरमा बालक्लब सञ्जाल गठन गरी क्षमताविकास गरिनेछ । बालमैत्री स्थानीय शासनका लागि गाउँपालिकालाई बालमैत्री गाउँपालिका घोषणा गर्न आवश्यक पूर्वतयारी गरिनेछ ।

शम्भु गिरी
अध्यक्ष

१६औं गाउँ सभाको
बैठक संख्या: २१२०८०।८१
मिति २०८१।४।३१९० को
निर्णय प्रमाणित।

१०६. जेष्ठ नागरिकहरूको लागि निशुल्क स्वास्थ्य परिक्षण गर्ने व्यवस्था मिलाइनेछ । जेष्ठ नागरिक मिलन केन्द्र स्थापनाका लागि संघीय तथा प्रदेश सरकारसँग समन्वय र सहजिकरण गरिनेछ ।

(ङ) सामाजिक सुरक्षा तथा संरक्षण

१०७. सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमलाई वडा स्तरमा पुगेर वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ । सामाजिक सुरक्षा भत्ताका लाभग्राहीहरूको विवरण अद्यावधिक गरिनेछ ।

१०८. व्यक्तिगत घटना दर्तालाई प्रभावकारी बनाउन समयमा नै व्यक्तिगत घटना दर्ता गर्ने बानीको विकास गर्न नागरिक सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

(च) खानेपानी तथा सरसफाई

१०९. आधारभूत खानेपानी तथा सरसफाई हरेक नागरिकको पहुँचमा पुर्याउन खानेपानी आयोजनाहरूको क्षमता विस्तार तथा मर्मत सम्भारलाई विशेष ध्यान दिइनेछ । खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरूको क्षमता विकासका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

११०. खानेपानी सेवा विस्तारका लागि नयाँ खानेपानी आयोजना पहिचान गरी संघीय तथा प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ । निर्माण सम्पन्न हुन नसकेका खानेपानी आयोजनाहरू समयमा सम्पन्न गर्न पहल गरिनेछ ।

१११. खानेपानीका मूल संरक्षण तथा खानेपानी वितरण प्रणालीलाई सुदृढ तुल्याई बाह्रै महिना पानी आपूर्तिको व्यवस्था मिलाइनेछ । खानेपानीको अभाव भएका बाँकी, रामपुर, छरकट्टा क्षेत्रमा रहेका खानेपानी आयोजनाको पाइप लाइन विस्तारका लागि प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

११२. घर, पसल, कार्यालय तथा संघसंस्थाबाट निस्केका फोहरमैलाको वर्गीकरण गरी जैविक फोहरलाई कम्पोष्ट मल तयार गर्न र अजैविक फोहरवस्तुलाई पुनप्रशोधनका लागि सङ्कलन तथा विक्री गर्ने व्यवस्था मिलाइनेछ । स्वास्थ्य संस्थाबाट निस्कने जोखिमपूर्ण फोहरवस्तुको व्यवस्थापनको लागि आवश्यक कार्य गरिनेछ ।

(छ) भाषा तथा संस्कृति

११३. स्थानीय भाषा, संस्कृतिको संरक्षण, प्रवर्द्धनको लागि विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ । कामी, दमाई, बादी जातिको पुख्यौंली पेशाको संरक्षणको लागि सीपमूलक क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

११४. थारू जातिमा रहेको महटवाँ प्रणालीको संरक्षण, विकास तथा व्यवस्थापनको लागि आगामी आर्थिक वर्षमा महटवाँ ऐन बनाई लागु गरिनेछ ।

९ औं गाउँ सभाको
बैठक संख्या: २।१२०८।०८।१
मिति २०८१।०३।२१ गते
निर्णय प्रमाणित।

शम्भु गिरी
अध्यक्ष

११५. दंगीशरणको प्रमुख संस्कृतिको रूपमा रहेको थारू संस्कृतिको विकास, प्रचार प्रसार गरी आकर्षक पर्यटकीय गन्तव्यको रूपमा विकास गरिनेछ । अटवारी पर्व, माघी पर्वलाई महोत्सवको रूपमा विकास गरिनेछ ।

पूर्वाधार विकास

(क) सडक तथा पुल

११६. दंगीशरण गाउँपालिकाका हरेक बस्ती, टोलहरूमा सडक तथा बाटोको सञ्जाल बिस्तार गरिनेछ । सडक नपुगेका बस्तीहरूमा नयाँ ट्र्याक खोल्ने तथा ट्र्याक खुलिसकेका स्थानका बाटोहरूको स्तरोन्नती गरिनेछ । सडकहरूको नियमित मर्मत सम्भार मर्मत कोषबाट हुने गरी व्यवस्था गरिनेछ ।

११७. दंगीशरण गाउँपालिकाको लाइफ लाइनको रूपमा रहेका पोटली-हेकुली-बैवाङ-रामपुर-बाँकी सडक, मिरौली-चखौरा-रावतगाउँ सडक, बागर-प्रसडुवा-थपगाउँ सडक, लौवस्ता-सलौरा-मौली हुँदै सुकदेवा जोड्ने सडकको स्तरोन्नती, मर्मत सम्भार तथा विस्तारको कार्यलाई प्राथमिकताका साथ अगाडी बढाइनेछ । क्रमागत योजनाको रूपमा रहेका सडकहरूको निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

११८. दंगीशरण गाउँपालिकाको वडा नं. १ र २ मा रहेको बखरिया-सरूवाडाँडा तथा दमारगाउँ-कौवाघारी-मधरिया-छरकट्टा हुँदै बाँकीसम्मको सडक स्तरोन्नतीको काम सम्पन्न गरी बाँकी देखि फुर्केसल्ली सम्म सडक विस्तारको लागि संघीय तथा प्रदेश सरकार समक्ष विशेष पहल गरिनेछ ।

११९. संघीय सरकारको सशर्त अनुदानबाट लौवस्ता-खलुवाचीस-सलौरा सडक र सुर्खेत रोडदेखि बुटनिया हुँदै सिम्ठानासम्मको सडक स्तरोन्नतीको कार्य आगामी आर्थिक वर्षदेखि शुरू गरिनेछ । दंगीशरण गाउँपालिकाका वडाबाट गाउँपालिकाको केन्द्रसम्म जोड्ने सडकहरूको स्तरोन्नति गरी कालोपत्रे बनाउँदै लगिनेछ ।

१२०. पक्की पुल बन्न बाँकी रहेका खोला तथा नदिहरूमा पक्की पुल निर्माणका लागि संघीय तथा प्रदेश सरकारसँग लागत साझेदारीमा पुल निर्माण गरिनेछ भने थप नयाँ पक्की पुल निर्माणको लागि विस्तृत परियोजना प्रतिवेदन तयार गरी लगानीका लागि संघीय तथा प्रदेश सरकारसँग माग गरिनेछ ।

१२१. आवतजावतमा कठिनाई भएका नदि तथा खोलाहरूमा ट्रस तथा झोलुङ्गे पुल निर्माणका लागि संघीय तथा प्रदेश सरकारसँग सहकार्य गरिनेछ । पहिले नै बनेका पुलहरूको सुरक्षाको लागि विशेष ध्यान दिइनेछ गोल्टाकुरी-सुकौरा, बैवाङ-रामपुर र पदमपुर-बाँकी जोड्ने झोलुङ्गे पुलको संरक्षणको लागि संघीय तथा प्रदेश सरकारसँग पहल गरिनेछ ।

१२२. गाउँपालिकाको वृहत्तर विकास र समुन्नतिलाई ध्यानमा राखि सानातिना योजनाहरू भन्दा पनि प्रतिफल दिने र बढी भन्दा बढी दंगीशरणवासीलाई लाभ पुर्याउने, रोजगारी सिर्जना गर्ने खालका ठुला योजनाहरूको सञ्चालनमा जोड दिइनेछ ।

९७औं गाउँ सभाको
बैठक संख्या: २।२०८०।०८१
मिति २०८१।३।१९ को
निर्णय प्रमाणित।

शम्भु गिरी
अध्यक्ष

१२३. दंगीशरण गाउँपालिकाका सबै वडाहरूलाई जोड्न चक्रपथ निर्माणको लागि संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा सम्भाव्यता अध्ययन गरिनेछ ।

(ख) भवन तथा शहरी विकास

१२४. दंगीशरण गाउँपालिकाभित्रका पिछडिएका तथा पहुँचभन्दा बाहिर रहेका समुदायमा नमुना वस्ती विकासको कार्यलाई संघीय तथा प्रदेश सरकारको समन्वयमा निरन्तरता प्रदान गरिनेछ । आगामी आर्थिक वर्षमा पनि दलित नमुना वस्ती निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

१२५. कृषि योग्य जमिनलाई बसोवास क्षेत्रको रूपमा उपयोग गर्नबाट जोगाउन एकिकृत बस्ती विकासको सम्भाव्यता अध्ययन गरी नमुना बस्ती विकास कार्यक्रमको शुरूवात गरिनेछ ।

१२६. दंगीशरण गाउँपालिकाभित्र रहेका सरकारी तथा सार्वजनिक भवन तथा संरचनाहरूलाई गाउँपालिकाको मातहतमा ल्याई तिनको संरक्षण र मर्मत सम्भारको लागि व्यवस्था गरिनेछ ।

१२७. दंगीशरण गाउँपालिकाभित्र रहेका विद्यालय, स्वास्थ्य संस्था, सामुदायिक भवन तथा अन्य सरकारी संरचनाहरूको नियमित मर्मत सम्भारको लागि मर्मत सम्भार कोषको व्यवस्था गरिनेछ ।

१२८. दंगीशरण गाउँपालिकाभित्रका हरेक वडामा योगहलको व्यवस्था गर्ने नीति अनुरूप आगामी आ.व. कम्तीमा ३ वटा वडामा नयाँ योग हल निर्माण गरिनेछ ।

१२९. गाउँपालिकाको प्रशासनिक भवनको गेट, पार्क तथा पार्किङ्ग क्षेत्र निर्माणको लागि आवश्यक व्यवस्था गरिनेछ ।

(ग) उर्जा

१३०. "उज्यालो दंगीशरण" बनाउनको लागि वैकल्पिक तथा नविकरणीय उर्जाको माध्यमबाट चौक, सार्वजनिक स्थल तथा बजार क्षेत्रमा सौर्य उर्जाबाट चल्ने सडक बत्ती जडानको कार्यलाई निरन्तरता दिइनेछ । डिप बोरिङ्ग, लिफ्ट सिचाई सञ्चालनका लागि सौर्य उर्जाबाट सञ्चालन हुने प्रविधीको जडान गर्ने कार्यलाई अगाडि बढाइनेछ ।

१३१. सरकारी कार्यालय तथा विद्यालयहरूमा विद्युत व्याकअपको रूपमा सौर्य प्रणाली जोड्ने कार्यलाई निरन्तरता दिइनेछ । व्यक्तिगत तथा सार्वजनिक प्रयोजनको लागि सौर्य प्रणाली जडानमा अनुदानको लागि संघीय तथा प्रदेश सरकारसँग पहल गरिनेछ ।

१३२. जैविक तथा हरित उर्जा उत्पादन तथा प्रयोगका लागि सम्भाव्यता अध्ययन गरी आवश्यक प्रक्रिया अगाडि बढाउन संघीय तथा प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

(घ) विद्युत

शम्भु गिरी
अध्यक्ष

९ औं गाउँ सभाको
बैठक संख्या: २१ मिति २०७९।०३।१० को
निर्णय प्रमाणित।

१३३. दंगीशरण गाउँपालिकाका कुनै पनि घर विद्युत सेवाबाट बञ्चित हुन नदिन सबै टोल तथा वस्तीहरूमा विद्युत विस्तारको कार्यलाई निरन्तरता दिइनेछ । विकट क्षेत्रको रूपमा रहेको फुर्केसल्ली क्षेत्रमा विद्युत विस्तारको कार्यलाई तिव्रता दिन नेपाल विद्युत प्राधिकरणसँग पहल एवं सहकार्य गरिनेछ ।

१३४. प्राकृतिक प्रकोप तथा हावाहुरीबाट विद्युत पोलमा क्षति भई विद्युत आपूर्तिमा अवरोध आउन नदिन समयमा नै मर्मत सम्भारको कार्यलाई छिटोछरितो बनाउन आवश्यक समन्वय तथा सहजिकरण गरिनेछ ।

१३५. लो भोल्टेजको समस्या हल गर्न ट्रान्समिटर मर्मत तथा थप गर्ने कार्यका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

(ङ) सञ्चार

१३६. सञ्चार सम्पर्कबाट टाढा रहेको फुर्केसल्ली क्षेत्रमा सञ्चार सुविधा विस्तार गर्न निर्माणाधिन टावर निर्माणको कार्यलाई समयमा सम्पन्न गर्न सहजिकरण गरिनेछ । नेटवर्कको समस्या हल गर्न थप रिपिटर टावर निर्माणको लागि पहल गरिनेछ ।

१३७. इन्टरनेट सेवालाई भरपर्दो बनाउन र सबै टोल तथा वस्तीहरूमा पुर्याउन इन्टरनेट सेवा प्रदायक संस्थाहरूसँग आवश्यक सहजिककरण गरिनेछ ।

(च) जलश्रोत तथा सिचाई

१३८. समुन्नतिको प्रमुख आधारस्तम्भ कृषि क्षेत्रको विकास र कृषिको विकास सिचाइबिना सम्भव नहुने भएकोले कृषियोग्य जमिनमा सिचाई सुविधाको विस्तारलाई प्राथमिकता दिइनेछ । पानीका श्रोतहरूको संरक्षण, ड्याम निर्माण, सिचाई कुलोको मर्मत सम्भार तथा विस्तार कार्य गरिनेछ ।

१३९. संघीय सरकारसँगको सहलगानीमा बिजुलीपुर सिचाई योजना विस्तारको कार्यलाई निरन्तरता दिइनेछ । थप स्थानमा लिफ्ट सिचाईको सम्भाव्यता अध्ययन गरी विस्तार गरिनेछ ।मधरिया कलङखोला सिचाई कुलो निर्माण, श्रीगाउँ सिचाई कुलो निर्माणका लागि आवश्यक व्यवस्था गरिनेछ ।

१४०. सिचाई सुविधा नपुगेका क्षेत्रहरूमा सिचाई सुविधा विस्तार गर्न नयाँ नहर निर्माण तथा डिप बोरिङ्गको लागि संघीय तथा प्रदेश सरकारसँग सहकार्य गरिनेछ । भमकेखोला-सलौरा सिचाइ कुलो निर्माणका लागि सम्भाव्यता अध्ययन गरी संघीय सरकार समक्ष समन्वय गरिनेछ ।

१४१. डिप बोरिङ्ग निर्माण भएका तर सञ्चालनमा आउन नसकेका सिचाई योजना सञ्चालनका लागि सौर्य प्रणाली जडान गर्न सम्बन्धित निकायसँग पहल गरिनेछ । सिचाई सुविधा बिस्तारका लागि विद्युत आपूर्ति सहज बनाउन विद्युत विस्तारलाई प्राथमिकता दिइनेछ ।

गाउँसभाका सदस्यज्यूहरू !

शम्भु गिरी
अध्यक्ष

९६औं गाउँ सभाको
बैठक संख्या २१२०८०८८ मिति २०८१।१२।१७ को
निर्णय प्रमाणित।

अव म वन, वातावरण तथा विपद व्यवस्थापनसँग सम्बन्धित नीति तथा कार्यक्रमहरू पेश गर्न चाहन्छु ।

वन, वातावरण तथा विपद् व्यवस्थापन

(क) वन तथा भू-संरक्षण

१४२. वन क्षेत्रको संरक्षण तथा विकास गरी हरियाली कायम गर्न दंगीशरण हरियाली प्रवर्द्धन कार्यक्रम सञ्चालन गरी वनको विस्तार गरिनेछ । सामुदायिक वन उपभोक्ता समूहहरूसँगको सहकार्यमा वनको संरक्षण तथा व्यवस्थापन गरिनेछ ।

१४३. वनको दिगो व्यवस्थापन गरी त्यसको अधिकतम् लाभ लिन सक्ने गरी आगामी आर्थिक वर्षमा वन ऐन जारी गरिनेछ । सम्बन्धित निकायहरूसँगको सहकार्यमा दंगीशरण गाउँपालिकाभित्र रहेका राष्ट्रिय वन, सामुदायिक वन तथा संरक्षित वनको व्यवस्थापनको लागि कार्य गरिनेछ । व्यवस्थित वन निर्माणका लागि सामुदायिक वन उपभोक्ता समितिहरूलाई बढी जिम्मेवार बनाइनेछ ।

१४४. स्थानीय वन पैदावारहरूबाट अधिकतम् लाभ लिन सकिने खालका रोजगारमूलक तथा सीपमूलक तालिम कार्यक्रमहरू सञ्चालन गरी वन उद्यम सञ्चालनलाई प्राथमिकता दिइनेछ । वन पैदावारमा आधारित उद्यम सञ्चालनका लागि प्रोत्साहन गरिनेछ ।

१४५. वन अतिक्रमण तथा चोरी निकासी नियन्त्रण गर्न सामुदायिक वन उपभोक्ता समूह तथा सरकारी निकायहरूसँग सहकार्य गरिनेछ । वनमा आगोलागी नियन्त्रण गर्न आगलागी नियन्त्रण रणनीति तर्जुमा गरिनेछ । अग्नि रेखा निर्माणका लागि आवश्यक सहजिकरण गरिनेछ ।

१४६. बाँके राष्ट्रिय निकुञ्जबाट जनावरहरूबाट किसानहरूको अन्नबालीमा पुर्याउने क्षतिपूर्तिका लागि बाँके राष्ट्रिय निकुञ्जसँग समन्वय र सहजिकरण गरिनेछ । निकूञ्ज क्षेत्रबाट फैलिएको आगोबाट घर गोठ तथा बालीनालीमा भएको क्षतिपूर्तिका लागि आवश्यक पहल गरिनेछ ।

१४७. वन कार्यालयसँग समन्वय गरी दंगीशरण गाउँपालिकाभित्रका प्रमुख सडकहरूका दायाँ बायाँ वृक्षारोपण गरी हरियाली बढाउन विशेष कार्यक्रम सञ्चालन गरिनेछ । गाउँपालिकाभित्र रहेका सबै विद्यालय, स्वास्थ्य संस्था तथा वडा कार्यालयहरूमा अनिवार्य रूपमा वृक्षारोपण गरी हरियाली कायम गर्न लगाइनेछ ।

१४८. पहिरो जाने, भूक्षय हुने सम्भावित स्थानहरूको पहिचान गरी भूक्षय हुनबाट जोगाउन तारजालीको व्यवस्था तथा वृक्षारोपणको लागि आवश्यक व्यवस्था मिलाइने छ ।

१४९. सामुदायिक वन उपभोक्ता समितिहरूको क्षमता विकासका लागि कार्यक्रमहरू तर्जुमा गरी सञ्चालन गरिनेछ । बबई नदीको तटीय क्षेत्रमा वृक्षारोपण गरी वन विकासको लागि सामुदायिक वन उपभोक्ता समितीहरूलाई प्रोत्साहित गरिनेछ ।

शम्भु गिरी
अध्यक्ष

७वौं गाउँ सभाको
बैठक संख्या: २१ २०८०।०८।३
मिति २०८०।०८।१९ को
निर्णय प्रमाणित।

१५०. नदीजन्य पदार्थहरूको उत्खनन् तथा विक्री वितरणको लागि प्रारम्भिक वातावरणीय मूल्याङ्कन गराई उक्त प्रतिवेदनको सिफारिस बमोजिम उत्खनन् तथा विक्रि वितरणको व्यवस्था गरिनेछ । नदीजन्य पदार्थको चोरी निकासी नियन्त्रण गर्न वन, सुरक्षा निकाय, सामुदायिक उपभोक्ता समूह तथा नागरिक समाजसँग सहकार्य गरिनेछ

(ख) जलाधार संरक्षण

१५१. पानीको मुहान संरक्षण गर्न, भूक्षय हुनबाट रोक्न र पानीको श्रोतलाई कायम राख्न जलाधार क्षेत्रहरूको संरक्षण र व्यवस्थापनमा विशेष ध्यान दिइनेछ । जलाधार क्षेत्रमा वृक्षारोपण गरी हरियाली कायम गरिनेछ ।

१५२. जलाधार क्षेत्रमा वन विनाश तथा चोरी निकासी कार्यलाई कडाईका साथ नियन्त्रण गरिनेछ । यस्ता क्षेत्रबाट ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् तथा निकासीलाई प्रतिबन्ध लगाइनेछ ।

(ग) जलवायु परिवर्तन

१५३. वातावरण संरक्षण गरी जलवायु परिवर्तनको असर न्युनिकरण गर्न वन विकास तथा व्यवस्थापनलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ । बढी कार्बन उत्सर्जन गरी वातावरणीय प्रदुषण निम्त्याउने खालका क्रियाकलापहरूलाई नियन्त्रण गरिनेछ ।

१५४. जलवायु परिवर्तन अनुकूलन कार्ययोजना निर्माण गरी कार्यान्वयनका लागि सामुदायिक वन उपभोक्ता समूह, वातावरण संरक्षणसँग सम्बन्धित अभियन्ताहरू र दंगीशरणबासी आम समुदायसँग सहकार्य गरिनेछ ।

१५५. वन क्षेत्र, सिमसार क्षेत्र तथा तालतलैयाहरूको संरक्षण, व्यवस्थापन र उपयोगका लागि आवश्यक कानूनी व्यवस्था गर्ने ऐन, नियम तथा कार्यविधि बनाई लागु गरिनेछ ।

१५६. जलवायु परिवर्तनका कारण, असर र त्यसले दिगो विकासमा पार्ने प्रभावहरूको बारेमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

(घ) फोहरमैला व्यवस्थापन

१५७. घर, सार्वजनिक संघसंस्था, कार्यालय, व्यापारिक क्षेत्र, होटल रेष्टुँरा तथा सार्वजनिक स्थलहरूबाट निस्कने फोहरमैलाहरूको दिगो व्यवस्थापनको लागि अध्ययन गरी आवश्यक कार्ययोजना तयार गरिनेछ ।

१५८. फोहरमैलाहरूको वर्गीकरण गरी जनस्वास्थ्यमा प्रतिकूल असर नपर्ने गरी व्यवस्थापनका लागि सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ । फोहरमैला व्यवस्थापनमा कम प्रयोग, पुनःप्रयोग, विस्थापन र प्रशोधनको सिद्धान्तलाई व्यवहारिक रूपमा नै लागु गर्न उत्प्रेरित गरिनेछ ।

१५९. गाउँपालिका तथा गाउँपालिका मातहत रहेका कार्यालय तथा संघसंस्थाहरूबाट सञ्चालित कार्यक्रमहरूमा प्लास्टिकबाट निर्मित कप प्लेटहरूको प्रयोगलाई रोकी वन पैदावारमा आधारित कच्चा पदार्थबाट उत्पादित कप प्लेटहरूको प्रयोग गर्ने व्यवस्था लागु गरिनेछ ।

१९औं गाउँ सभाको
बैठक संख्या: २१२०८०७०१७
मिति २०८१०३।१७० को
निर्णय प्रमाणित।

शम्भु गिरी
अध्यक्ष

१६०. फोहरमैला व्यवस्थापनको लागि गुरूयोजना तयार गरी दिगो व्यवस्थापनको लागि आवश्यक कार्य गरिनेछ । जैविक फोहरवस्तुहरूबाट मल उत्पादन गर्न कृषक तथा व्यवसायीहरूलाई प्रोत्साहित गरिनेछ । सार्वजनिक स्थलहरूमा फोहर गर्नेले नै व्यवस्थापन गर्नुपर्ने नीति अङ्गिकार गरिनेछ ।

(ङ) जल उत्पन्न प्रकोप नियन्त्रण

१६१. वर्षातको समयमा बबई नदीबाट हुनसक्ने सम्भावित क्षति रोकथाम तथा नियन्त्रण गर्न आवश्यक सतर्कता अपनाइनेछ । बाढीबाट उत्पन्न हुनसक्ने सम्भावित क्षतिको रोकथामको लागि बबई नदीको तटीय क्षेत्रका वासिन्दाहरूलाई सजग बनाइनेछ ।

१६१. मनसुन तथा नदिजन्य प्रकोपबाट जोगाउन र सिघ्र प्रतिकार्यका लागि सरकारी, गैरसरकारी निकायहरूलाई तैनाथ अवस्थामा राखिनेछ । सम्भावित जोखिमबाट पिडितहरूको उद्दार, राहत तथा पुनर्स्थापनाका लागि सम्बन्धित निकायसँग आवश्यक समन्वय र सहजिकरण गरिनेछ ।

१६२. नदीमा आउने बाढीबाट कृषियोग्य जमिन, सडक तथा वस्तीमा हुनसक्ने कटान नियन्त्रण तथा रोकथाम गर्न आवश्यक सावधानी अपनाउनुका साथै तयारी अवस्थामा राखिनेछ । बाढीबाट हुने कटान रोकथामका लागि तटीय क्षेत्रमा तटबन्ध निर्माणका लागि संघीय तथा प्रदेश सरकारसँग समन्वय र सहजिकरण गरिनेछ ।

१६३. बर्षातको समयमा सडक, कुलो लगायत व्यक्तिगत तथा सार्वजनिक सम्पत्तिमा भएको क्षतिको समयमा नै मर्मत सम्भारको लागि मर्मत सम्भार कोषको व्यवस्था गरिनेछ ।

(च) विपद् व्यवस्थापन

१६४. बाढी, पहिरो, भूक्षय जस्ता मनसुनजन्य विपद् तथा अन्य प्राकृतिक तथा दैवी विपत्तीहरूको समयमा विपद् प्रभावितहरूको उद्दार, राहत तथा पुनर्स्थापनाका लागि आवश्यक संयन्त्र निर्माण गरी तयारी अवस्थामा राखिनेछ ।

१६५. विपदजन्य परिस्थितिमा तत्काल उद्दारको लागि गाउँपालिका मातहत रहेका वडा कार्यालय, स्वास्थ्य संस्था तथा सुरक्षा निकायहरूमा आवश्यक उद्दार सामाग्रीहरूको व्यवस्था गरी तत्काल प्रतिकार्य गर्न सक्ने गरी २४ सै घण्टा तयारी अवस्थामा राखिनेछ ।

१६६. विपदमा परेकाहरूलाई तत्कार उद्दार तथा प्राथमिक उपचारको लागि तालिमको व्यवस्था गरी आवश्यक जनशक्ती तयारी अवस्थामा राखिनेछ । विपद्पूर्व सूचना दिने संयन्त्रको विकास गरिनेछ ।

१६७. विपदमा परेका घाइते तथा पिडितहरूको उद्दार, प्राथमिक उपचार, राहत तथा पुनर्स्थापनाको लागि जिल्ला विपद व्यवस्थापन समितिमार्फत सरकारी तथा गैरसरकारी निकायहरूसँग समन्वय र सहकार्य गरिनेछ । स्थानीय विपद व्यवस्थापन समितिलाई सक्रिय बनाई क्षमताको विकास गरिनेछ ।

शम्भु गिरी
अध्यक्ष

९८औं गाउँ सभाको
बैठक संख्या: २।१२।०१।०१९
मिति २०८१।०३।३० को
निर्णय प्रमाणित।

१६८. विपद जोखिम न्यूनिकरणका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुका साथै स्थानीय विपद् व्यवस्थापन कोषमा आवश्यक रकमको व्यवस्था गरिनेछ ।

गाउँ सभाका सदस्यज्यूहरू ।

अब म संस्थागत विकास तथा सुशासनसँग सम्बन्धित नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्दछु

संस्थागत विकास तथा सुशासन

(क)ऐन, कानून तर्जुमा

१६९. जारी भएका ऐन, नियम तथा कार्यविधिहरूलाई आवश्यक संशोधन तथा परिमार्जन गरी समसामयिक बनाइनेछ । आवश्यकता अनुसार थप कानून निर्माण गरी लागु गरिनेछ ।

१७०. चालु आ.व.मा पेश भएका ऐन, नियम तथा कार्यविधिहरूमाथि थप अध्ययन गरी आगामी आर्थिक वर्षमा पारित गरी लागु गरिनेछ । छरिएका कानूनहरूलाई एकिकृत गरी दस्तावेजका रूपमा राख्न आवश्यक व्यवस्था मिलाइनेछ ।

(ख) न्याय व्यवस्थापन

१७१. छिटो, छरितो र निष्पक्ष न्याय सम्पादनका लागि न्यायिक समितिको क्षमता अभिवृद्धि गरी क्रियाशील गराइनेछ । न्यायिक सम्पादन क्षमता अभिवृद्धिका लागि सम्मानित अदालत तथा कानून व्यवसायीहरूसँग अन्तरक्रिया, अनुभवको आदान प्रदान, समन्वय र सहकार्य गरिनेछ ।

१७२. दंगीशरण गाउँपालिकामा क्रियाशील मेलमिलाप केन्द्रहरूको क्षमता अभिवृद्धि गरी गाउँघरका बिवाद तथा झै-झगडाहरू गाउँमा नै मिलाउने व्यवस्था मिलाइनेछ ।मेलमिलाप केन्द्रहरूलाई अनुभवको आदानप्रदान हुने गरी अध्ययन अवलोकन भ्रमणको व्यवस्था गरिनेछ ।

१७३. छिटो, छरितो न्याय सम्पादनका लागि नियमित रूपमा इजलास बसाल्न आवश्यक व्यवस्था गरिनेछ ।न्यायिक समितिका पदाधिकारीहरूको क्षमता अभिवृद्धिका लागि अध्ययन अवलोकनको व्यवस्था मिलाइनेछ ।

(ग) संस्थागत विकास

१७४. गाउँपालिकाबाट प्रदान गरिने सेवाहरूलाई सरल, सहज, पारदर्शी र मितव्ययी बनाउन सेवाको सुदृढिकरण गरिनेछ । गाउँपालिकाको संगठन संरचनालाई समसामयिक बनाई चुस्त, दुरूस्त र छरितो संगठनात्मक संरचनाको लागि आगामी आर्थिक वर्षमा संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न गरिनेछ ।

१७५. कर्मचारीहरूलाई तालिमको अवसर प्रदान गरी क्षमता विकास गरिनेछ । विभिन्न प्रकृतिका सेवाहरूको कार्यानुभव प्रदान गर्न चक्रिय प्रणालीका आधारमा विभिन्न शाखाहरूमा जिम्मेवारी हेरफेर गरिनेछ ।उपयुक्त व्यक्तिलाई उपयुक्त जिम्मेवारी दिने परिपाटीको विकास गरिनेछ ।

शम्भु गिरी
अध्यक्ष

१२औं गाउँ सभाको
बैठक संख्या: २१२०१०१२२१
मिति २०८१।०३।१० को
निर्णय प्रमाणित।

१७६. गाउँपालिकाबाट प्रदान गरिने सेवाहरूलाई छिटो, छरितो र भरपर्दो बनाउन सफ्टवेयरहरू जडान गरी अनलाइन प्रणालीबाट प्रदान गर्ने व्यवस्था मिलाउन सम्भाव्यता अध्ययन गरी क्रमिक रूपमा लागु गर्दै लगिनेछ ।

१७७. सेवाग्राही नागरिकहरूलाई सरल रूपमा छिटो छरितो सेवा प्रदान गर्न नागरिक सहायता कक्षको व्यवस्था गरि लागु गरिनेछ । नागरिकहरूका गुनासाहरूको सुनुवाई गरी छिटो सम्बोधन गर्न गुनासो व्यवस्थापन इकाईलाई सक्रिय बनाइनेछ ।

१७८. उत्कृष्ट कार्य गर्ने कर्मचारीहरूलाई पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिँदै कार्यसम्पादन कमजोर भएका कर्मचारीहरूलाई उचित जिम्मेवारी हेरफेर गरिनेछ । मुस्कान सहितको सेवा प्रदान गर्ने कर्मचारीको उचित मूल्याङ्कन गरी सम्मानित गरिनेछ ।

१७९. कार्यालयको कामको चापलाई मध्यनजर गरी कार्यालय समय बाहेक थप समय काम गर्ने कर्मचारीलाई अतिरिक्त सेवा भत्ता प्रदान गरिनेछ । समयमा कार्यसम्पादन नगरी कार्यालय समयपछि काम गर्ने कर्मचारीलाई यस्तो सुविधा प्रदान गरिने छैन ।

१८०. कार्यालयको कामलाई छिटो, छरितो र व्यवस्थित बनाउन आवश्यक मेशिनरी तथा उपकरणको पर्याप्त व्यवस्था गरिनेछ । कार्यालयलाई आवश्यक पर्ने फर्निचर लगायतका सामाग्रीको व्यवस्था गरिनेछ ।

(घ) श्रोत परिचालन

१८१. भौगोलिक रूपमा सानो, उद्योगधन्दाको विकास नभएको, प्राकृतिक सम्पदाहरू न्यून रहेकोले आन्तरिक श्रोतको सम्भावना कम रहेको अवस्थामा उपलब्ध श्रोत र साधनको किफायती ढङ्गले परिचालन गरी नागरिकलाई अधिकतम् लाभ पुग्ने गरी खर्च गर्नु हाम्रो बाध्यता रहेको छ । यस परिप्रेक्षमा उपलब्ध श्रोत साधनको पारदर्शी, मितव्ययी र किफायती परिचालनमा विशेष जोड दिइनेछ ।

१८२. गाउँपालिकाबाट हुने सबै प्रकारका भुक्तानीलाई अनिवार्य रूपमा बैंकिङ्ग प्रणालीबाट मात्र गरिनेछ । नगदै भुक्तानी गर्नुपर्ने रकम बाहेक अन्य सबै कार्यक्रम सञ्चालन खर्च बैंकिङ्ग प्रणाली मार्फत सिधै आपूर्तिकर्ताको बैंक खातामा भुक्तानी गरिनेछ ।

१८३. कार्यालयबाट हुने फजुल खर्चलाई नियन्त्रण गरिनेछ । कार्यालयमा जम्मा हुने राजश्वलाई बैंक खाता मार्फत जम्मा गर्ने व्यवस्थालाई अझै प्रभावकारी रूपले लागु गरिनेछ ।

१८४. नदिजन्य पदार्थको बिक्रीलाई व्यवस्थित गर्ने आगामी आर्थिक वर्षको भाद्र महिनासम्म प्रारम्भिक वातावरणीय मूल्याङ्कन सम्पन्न गराई कार्तिक महिनासम्म टेण्डर प्रक्रिया पुरा गरी सम्झौताको कार्य सम्पन्न गरिनेछ । नदिजन्य पदार्थको चोरी नियन्त्रण गर्न आवश्यक संयन्त्रको विकास गरी कडाईका साथ लागु गरिनेछ ।

७।३औं गाउँ सभाको
बैठक संख्या: ३।२०८१।८१
मिति २०८१।१२।१० को
निर्णय प्रमाणित।

शम्भु गिरी
अध्यक्ष

१८५. गाउँपालिकाभित्र रहेका सबै सार्वजनिक सम्पत्तिहरूको लगत खडा गरिनेछ । त्यस्ता सार्वजनिक सम्पत्तीको उपयोगबाट प्राप्त हुने राजश्व अनिवार्य रूपमा गाउँपालिकाको बैंक खातामा जम्मा गर्ने व्यवस्था मिलाइनेछ ।

(ङ) योजना व्यवस्थापन

१८६. स्थानीय श्रोत र साधनको प्रयोग गरी सञ्चालन गर्न सकिने योजनाहरू उपभोक्ता समितीहरू मार्फत सञ्चालन गरिनेछ । ठुला र मेशिनरी औजार प्रयोग गर्नुपर्ने आयोजना मात्र ठेक्कापट्टाबाट सञ्चालंन गरिनेछ । उपभोक्ता समिती गठनमा ढिलाई गरी कोटेशन मार्फत काम गराउने प्रवृत्तिलाई नियन्त्रण गरिनेछ ।

१८७. योजना सञ्चालन छिटो, छरितो र प्रभावकारी ढङ्गबाट सञ्चालन गर्न क्षमता विकासको लागि योजना सम्झौता पूर्व क्षमता विकास तालिम सञ्चालन गरिनेछ ।

१८८. आगामी आर्थिक वर्षको पहिलो तीन महिनाभित्र टोल विकास संस्था गठन सम्पन्न गरी सोहि टोल विकास संस्थाको सिफारिसमा उपभोक्ता समित गठन गरिनेछ ।

१८९. वडा तथा गाउँपालिकाबाट सञ्चालन गरिने योजना तथा कार्यक्रमको छनौट टोल तथा वस्ती भेला गराई सोहि भेलाको सिफारिस बमोजिम गरिनेछ ।

१९०. गाउँपालिकाभित्र सञ्चालन हुने योजना तथा कार्यक्रमहरूको अनुगमन कार्यलाई तिव्र र प्रभावकारी ढङ्गले गरिनेछ । योजना अनुगमन तथा मूल्याङ्कन समितिले हरेक ३-३ महिनामा अनुगमन प्रतिवेदन अनिवार्य रूपमा कार्यपालिकामा पेश गर्नुपर्ने व्यवस्था मिलाइनेछ ।

(च) सेवा प्रवाह

१९१. गाउँपालिकाबाट प्रवाह गरिने सेवालाई छिटो, छरितो र पारदर्शी बनाउन आवश्यक संयन्त्रको विकास गरिनेछ । काम कारवाहीमा ढिलासुस्ती कर्मचारीलाई सचेत तुल्याउनुका साथै विभागीय कारवाहीको लागि सिफारिस गरिनेछ ।

१९१. गाउँपालिकाबाट सम्पादन हुने कार्यहरू बिना झन्झट समयमा पुरा गर्न काम फछ्यौंटको लागि समय तोक्ने व्यवस्था मिलाइनेछ । उचित कारणबिना कार्यसम्पादन नगरी सेवाग्राहीलाई झुलाउने कर्मचारीलाई चेतावनी दिनुको साथै आवश्यक कारवाही गरिनेछ ।

१९२. खाजाको समय बाहेक कार्यालय समयमा हरेक कर्मचारीहरू आ-आफ्नो कार्यकक्षमा अनिवार्य रूपमा बस्नुपर्ने व्यवस्था मिलाइनेछ । ढिलासुस्ती, लापरबाही गर्ने कर्मचारीलाई नसिहत दिने र पटक पटक लापरवाही गरेको पाइएमा कारवाहीको लागि सिफारिस गरिनेछ ।

१९३. अपाङ्ग, अशक्त, बिरामी, जेष्ठ नागरिकहरूलाई प्राथमिकता दिई छिटो सेवा दिने व्यवस्था मिलाइनेछ । अपाङ्गहरूलाई सेवामा पहुँच पुर्याउन अपाङ्गमैत्री संरचना निर्माण गरिनेछ ।

शम्भु गिरी
अध्यक्ष

१८औं गाउँ सभाको
बैठक संख्या: २।२०८१।८१
मिति २०८१।०९।२०को
निर्णय प्रमाणित।

१९४. गाउँपालिकाबाट सञ्चालन गरिने योजना तथा कार्यक्रमहरूको अनिवार्य रूपमा सार्वजनिक परीक्षण गर्ने तथा गाउँपालिकाका समग्र क्रियाकलापहरूको सामाजिक परीक्षण गर्ने व्यवस्था मिलाइनेछ

(छ) सूचना व्यवस्थापन

१९५. गाउँपालिकाको कार्यालय, वडा कार्यालय तथा गाउँपालिका मातहतका सबै सरकारी कार्यलयहरूबाट जारी हुने सूचनाहरूलाई कार्यालयको वेवसाइट, डिजिटल सूचना पाटी तथा सूचना पाटीको माध्यमबाट सार्वजनिक गरिनेछ ।

१९६. कार्यालयको तर्फबाट जनहितमा जारी हुने सूचना तथा सन्देशहरू सम्भव भएसम्म स्थानीय स्तरका राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा अनलाइन पत्रिकाहरूको माध्यमबाट प्रकाशन गरिनेछ ।

१९७. गाउँपालिकासँग सम्बन्धित तथ्याङ्कहरूलाई एकिकृत गरी तथ्याङ्क बैंक निर्माण गरिनेछ । गाउँपालिकाका गतिविधीहरू सहितको तथ्याङ्क सबैको पहुँचमा हुने गरी वेवसाइटमा राख्ने व्यवस्था मिलाइनेछ ।

१९८. गाउँपालिकाका क्रियाकलापहरूलाई जवाफदेही, पारदर्शी बनाउन नियमित रूपमा सार्वजनिक सुनुवाई गरिनेछ । सार्वजनिक सुनुवाईबाट प्राप्त गुनासा, सल्लाह, सुझावहरूलाई सबैले देख्ने गरी प्रतिवेदनको रूपमा सार्वजनिक गरिनेछ ।

१९९. गाउँपालिकाका समस्त गतिविधीहरूको वृत्तचित्र तयार गरी प्रसारणको व्यवस्था मिलाइने छ । सामाजिक परीक्षण स्वतन्त्र निकायबाट गर्ने व्यवस्था मिलाइनेछ ।

अन्त्यमा,

यस गरिमामय सभामा प्रस्तुत नीति तथा कार्यक्रमको सफलता यसको प्रभावकारी कार्यान्वयनसँग सम्बन्धित हुने भएकोले दंगीशरण गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रममा समेटिएका सबै व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयनको लागि सबै जनप्रतिनिधी, राजनैतिक दल, राष्ट्रसेवक कर्मचारी, बुद्धिजिवी, समाजसेवी सबैबाट आवश्यक सहयोग हुनेछ भन्ने अपेक्षा गरेको छु । सबैको एक्यवद्धता, पारस्परिक सहयोग र समर्थनबाट मात्र प्रस्तुत नीति तथा कार्यक्रमको सफल कार्यान्वयन गरी **"समुन्नत दंगीशरण, सुखी दंगीशरणवासी"** को लक्ष्य हासिल हुने अपेक्षा गरेको छु ।

प्रस्तुत नीति तथा कार्यक्रमको तयारीमा अहोरात्र खटि कार्य गर्नुहुने सबै जनप्रतिनिधी तथा राष्ट्रसेवक कर्मचारीहरूलाई धन्यवाद दिन चाहन्छु ।

धन्यवाद !
शम्भु गिरी
(अध्यक्ष)
२०८१ साल असाढ ७ गते

शम्भु गिरी
अध्यक्ष

दंगीशरण गाउँ सभाको
बैठक संख्या: २१३०७१०८१
मिति २०८१।०३।१० को
निर्णय प्रमाणित।

अनुसूची - १

(कार्यविधिको दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

दंगीशरण गाउँपालिका

१७ औं गाउँ सभा

कार्यसूची र समयतालिका

बैठक संख्याः ३ (तीन) मितिः २०८१/०३/१५

गाउँ सभाको बैठक बस्ने स्थानः दंगीशरण गाउँपालिकाको सभाहल, हेकुली, दाङ

बैठक बस्ने मितिः २०८१/०३/१७ समयः दिनको २.०० बजे

अध्यक्षताः श्री शम्भु गिरी

क्र.सं.	कार्यसूची	कार्यसूची प्रस्तुतकर्ता	प्रस्तावको विषय	कैफियत
१	सभा प्रारम्भ	अध्यक्ष		
२	दंगीशरण गाउँपालिकाको आ.व. २०८१/०८२ को वार्षिक बजेट तथा कार्यक्रमको छलफल गरी पारित गरियोस् ।	अध्यक्ष	निर्णयार्थ	
३	दंगीशरण गाउँपालिकाको आर्थिक विधेयक, २०८१ माथि छलफल गरी पारित गरियोस् ।	अध्यक्ष	निर्णयार्थ	
४	दंगीशरण गाउँपालिकाको विनियोजन विधेयक, २०८१ माथि छलफल गरी पारित गरियोस् ।	अध्यक्ष	निर्णयार्थ	
५	लेखा समितिको वार्षिक प्रतिवेदन २०८१ माथि छलफल गरी पारित गरियोस् ।	अध्यक्ष	निर्णयार्थ	
६	आ.व. २०८०/०८१ को न्यायिक समितिको वार्षिक प्रतिवेदन माथि छलफल गरी गरियोस् ।	अध्यक्ष	निर्णयार्थ	
७	गाउँसभा सदस्य श्री रेशमबहादुर वलीलाई लेखा समितिको संयोजक पदमा मनोनयन गरियोस् ।	अध्यक्ष	निर्णयार्थ	
८	दंगीशरण गाउँ कार्यपालिकाले गाउँसभाको १६ औं अधिवेशनदेखि हालसम्म पारित गरेका निर्णयहरू अनमोदन गरियोस् ।	अध्यक्ष	निर्णयार्थ	

९	सभाको समापन ।	अध्यक्ष		

प्रस्ताव/कार्यसूचि बुझेको भरपाई

क्र.सं.	नाम, थर	पद	हस्ताक्षर	कैफियत
१	श्री पिमाकुमारी वली खड्का	गाउँसभा सदस्य		
२	श्री रमेश भण्डारी	गाउँसभा सदस्य		
३	श्री डम्बर खत्री	गाउँसभा सदस्य		
४	श्री सुकलाल चौधरी	गाउँसभा सदस्य		
५	श्री कमल थारू	गाउँसभा सदस्य		
६	श्री निरज बस्नेत	गाउँसभा सदस्य		
७	श्री रोशन जङ्ग शाह	गाउँसभा सदस्य		
८	श्री रेशम बहादुर वली	गाउँसभा सदस्य		
९	श्री मिना चौधरी	गाउँसभा सदस्य		
१०	श्री द्रौपदी चौधरी	गाउँसभा सदस्य		
११	श्री टंकी भण्डारी	गाउँसभा सदस्य		
१२	श्री चन्दा योगी	गाउँसभा सदस्य		
१३	श्री कृष्ण कामी	गाउँसभा सदस्य		
१४	श्री सितारा नेपाली	गाउँसभा सदस्य		
१५	श्री हुमा गिरी	गाउँसभा सदस्य		
१६	श्री लक्ष्मी परियार	गाउँसभा सदस्य		
१७	श्री चन्द्रलाल चौधरी	गाउँसभा सदस्य		
१८	श्री लुमा चौधरी	गाउँसभा सदस्य		
१९	श्री अन्जना बि.क.	गाउँसभा सदस्य		
२०	श्री मोहन बि.क.	गाउँसभा सदस्य		
२१	श्री लाल बहादुर चौधरी	गाउँसभा सदस्य		
२२	श्री रामकली चौधरी	गाउँसभा सदस्य		
२३	श्री सरिता बि.क.	गाउँसभा सदस्य		
२४	श्री लक्ष्मणदास चौधरी	गाउँसभा सदस्य		
२५	श्री तेजकुमारी नेपाली	गाउँसभा सदस्य		
२६	श्री देवराज रेउले	गाउँसभा सदस्य		
२७	श्री सिताराम चौधरी	गाउँसभा सदस्य		

२८	श्री ममता चौधरी	गाउँसभा सदस्य		
२९	श्री सुमित्रा बि.क.	गाउँसभा सदस्य		
३०	श्री कमल वली	गाउँसभा सदस्य		
३१	श्री भुम प्रसाद देवकोटा	गाउँसभा सदस्य		
३२	श्री उर्मिला परियार	गाउँसभा सदस्य		
३३	श्री कान्छुराम चौधरी	गाउँसभा सदस्य		
३४	श्री शम्सेर बहादुर रावत	गाउँसभा सदस्य		
३५	श्री जापानी दमेनी	गाउँसभा सदस्य		
३६	श्री किरिम बहादुर चौधरी	गाउँसभा सदस्य		
३७	श्री भूप बहादुर खड्का	गाउँसभा सदस्य		

अनुसूची - १

(कार्यविधिको दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

दंगीशरण गाउँपालिका

१७ औं गाउँ सभा

कार्यसूची र समयतालिका

बैठक संख्याः ३ (तीन) मितिः २०८१/०३/१७

गाउँ सभाको बैठक बसेको स्थानः दंगीशरण गाउँपालिकाको सभाहल, हेकुली, दाङ

समयः दिनको २.०० बजे

अध्यक्षताः श्री शम्भु गिरी

क्र.सं.	कार्यसूची	कार्यसूची प्रस्तुतकर्ता	प्रस्तावको विषय	कैफियत
१	सभा प्रारम्भ	अध्यक्ष		
२	दंगीशरण गाउँपालिकाको आ.व. २०८१/०८२ को वार्षिक बजेट तथा कार्यक्रममाथि छलफल गरी पारित गरियोस् ।	अध्यक्ष	निर्णयार्थ	
३	दंगीशरण गाउँपालिकाको आर्थिक विधेयक, २०८१ माथि छलफल गरी पारित गरियोस् ।	अध्यक्ष	निर्णयार्थ	
४	दंगीशरण गाउँपालिकाको विनियोजन विधेयक, २०८१ माथि छलफल गरी पारित गरियोस् ।	अध्यक्ष	निर्णयार्थ	
५	लेखा समितिको वार्षिक प्रतिवेदन २०८१ माथि छलफल गरी पारित गरियोस् ।	अध्यक्ष	निर्णयार्थ	
६	आ.व. २०८०/०८१ को न्यायिक समितिको वार्षिक प्रतिवेदन माथि छलफल गरी गरियोस् ।	अध्यक्ष	निर्णयार्थ	
७	गाउँसभा सदस्य श्री रेशमबहादुर वलीलाई लेखा समितिको संयोजक पदमा मनोनयन गरियोस् ।	अध्यक्ष	निर्णयार्थ	
८	दंगीशरण गाउँ कार्यपालिकाले गाउँसभाको १६ औं अधिवेशनदेखि हालसम्म पारित गरेका निर्णयहरू अनमोदन गरियोस् ।	अध्यक्ष	निर्णयार्थ	
९	सभाको समापन ।	अध्यक्ष		

प्रमाणित गर्नेः शम्भु गिरी अध्यक्ष

दंगीशरण गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

हेकुली, दाङ

लुम्बिनी प्रदेश, नेपाल

१७ औं गाउँ सभाको बैठकको उपस्थिति

गाउँ सभाको बैठक बसेको स्थानः दंगीशरण गाउँपालिकाको सभा हल, हेकुली, दाङ

बैठक सख्याः ३ (तीन) मितिः २०८१/०३/१७

समयः दिनको २.०० बजे

क्र.सं.	नाम, थर	पद	हस्ताक्षर	कैफियत
१	श्री शम्भु गिरी	अध्यक्ष		
२	श्री पिमाकुमारी वली खड्का	गाउँसभा सदस्य		
३	श्री डिलाराम पाण्डे	सचिव		
४	श्री रमेश भण्डारी	गाउँसभा सदस्य		
५	श्री डम्बर खत्री	गाउँसभा सदस्य		
६	श्री सुकलाल चौधरी	गाउँसभा सदस्य		
७	श्री कमल थारू	गाउँसभा सदस्य		
८	श्री निरज बस्नेत	गाउँसभा सदस्य		
९	श्री रोशन जङ्ग शाह	गाउँसभा सदस्य		
१०	श्री रेशम बहादुर वली	गाउँसभा सदस्य		
११	श्री मिना चौधरी	गाउँसभा सदस्य		
१२	श्री दुर्पती थरूनी	गाउँसभा सदस्य		
१३	श्री टंकी भण्डारी	गाउँसभा सदस्य		
१४	श्री चन्दा योगी	गाउँसभा सदस्य		
१५	श्री कृष्ण कामी	गाउँसभा सदस्य		
१६	श्री सितारा नेपाली	गाउँसभा सदस्य		
१७	श्री हुमा गिरी	गाउँसभा सदस्य		
१८	श्री लक्ष्मी परियार	गाउँसभा सदस्य		
१९	श्री चन्द्रलाल चौधरी	गाउँसभा सदस्य		
२०	श्री लुमा चौधरी	गाउँसभा सदस्य		
२१	श्री अन्जना बि.क.	गाउँसभा सदस्य		
२२	श्री मोहन बि.क.	गाउँसभा सदस्य		

२३	श्री लाल बहादुर चौधरी	गाउँसभा सदस्य		
२४	श्री रामकली चौधरी	गाउँसभा सदस्य		
२५	श्री सरिता बि.क.	गाउँसभा सदस्य		
२६	श्री लक्ष्मणदास चौधरी	गाउँसभा सदस्य		
२७	श्री तेजकुमारी नेपाली	गाउँसभा सदस्य		
२८	श्री देवराज रेउले	गाउँसभा सदस्य		
२९	श्री सिताराम चौधरी	गाउँसभा सदस्य		
३०	श्री ममता चौधरी	गाउँसभा सदस्य		
३१	श्री सुमित्रा बि.क.	गाउँसभा सदस्य		
३२	श्री कमल वली	गाउँसभा सदस्य		
३३	श्री भुम प्रसाद देवकोटा	गाउँसभा सदस्य		
३४	श्री उर्मिला परियार	गाउँसभा सदस्य		
३५	श्री कान्छुराम चौधरी	गाउँसभा सदस्य		
३६	श्री शम्सेर बहादुर रावत	गाउँसभा सदस्य		
३७	श्री जापानी दमेनी	गाउँसभा सदस्य		
३८	श्री किरिम बहादुर चौधरी	गाउँसभा सदस्य		
३९	श्री भूप बहादुर खड्का	गाउँसभा सदस्य		

आमन्त्रित

श्री टोपाराम चौधरी सदस्य जि.स.स. दाङ

दंगीशरण गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

हेकुली, दाङ

लुम्बिनी प्रदेश, नेपाल

१७ औं गाउँ सभामा कर्मचारीहरूको उपस्थिति

गाउँ सभाको बैठक बसेको स्थानः दंगीशरण गाउँपालिकाको सभा हल, हेकुली, दाङ

मितिः २०८१/०३/१७

समयः दिनको २.०० बजे

क्र.सं.	नाम, थर	पद	हस्ताक्षर	कैफियत
१				
२				
३				
४				
५				
६				
७				
८	यादव बहादुर डंगी	अ.ध.अ.		
९	विनोद आचार्य	उप-प्र-		
१०	मान बहादुर डंगी	प्र.ज.		
११	प्रहलाद चौधरी	ज.स्वा.नि.		
१२	रुकराज सुवेदी	ती.प.खा.प्र.		
१३	मति की चौधरी	सा.अ.फै.प्र.		
१४	~~हितराम चौधरी~~	आर्थिक प्र.		
१५	दलराम खड्का	प.वि.प्र.		
१६	कालुराम चौधरी	वडा.अ.प्र.		
१७	भाक्तराम पाण्डे			
१८	ध्रुव बहादुर डंगी	वि.शै.प्र.		
१९	सीता कार्कीढाने	ब.ज.		
२०	राज शेखर यादव	प्रहरी		
२१	रमा ते गेटी	अपाङ्गता प्रमाण		
२२	सीता गौतम	सि.अ.ई.प्र.		

२३	कुमारी रनडका भण्डारी	वडा.सचिव ६,७		
२४	लता घिमिरे	कृषिप्राविधेक ६,७		
२५	योगमाया कुवर	,,		
२६	सन्तोष गिरी	सै. घ.		
२७	रामु अधिकारी	अधिकृत दृष्टि		
२८	पविता केसी	(व) चेक		
२९	बालकृष्ण भण्डारी	प्रधान-अ		
३०	चुडामणी बेदवोत	वडासचिव-२		
३१	प्रेमप्रकाश चौधरी	,, ,, ५		
३२	लेखनाथ आचार्य	अधिकृत		
३३	जीवराज गिरी	स. ई.		
३४	समिर गौतम	आ.ले.प (पांचौ)		
३५	धर्मन औली	अ. ज ई		
३६	रामु बहादुर रावल	सूचनाअधिकृत		
३७	प्रमोद भण्डारी	क. अ.		
३८	विन्दु कुमारी शर्मा	शिक्षक		
३९	दिपकनाथ योगी	शिक्षक		
४०	भरत के.सी	लेखापाल		
४१	सन्तोष चौधरी	सै.अ.		
४२	अशोक रजैया	चालक	अशोक	
४३	रमेश चौधरी	का.स.		
४४	शुभ प्र. कोइराला	अम-कम.		
४५	रामेश्वर चौधरी	की.सं.		
४६	कल्पना चौधरी	का.स	कल्पना	
४७	राजु चौधरी	,, ,,		
४८	विनोद चौ.	हस-चा		
४९	प्रमोद भण्डारी	क. अ.		
५०				
५१				
५२				
५३				

मिति २०८१ साल असाढ १७ गतेको दंगीशरण गाउँसभाको १७ औं अधिवेशनको तेश्रो बैठकका निर्णयहरू

कार्यसूचि नं. २ दंगीशरण गाउँपालिकाको आ.व. २०८१/०८२ को वार्षिक बजेट तथा कार्यक्रममाथि छलफल गरी पारित गरियोस् ।

निर्णय नं. १

नेपालको संविधान २०७२ को धारा २३० तथा दंगीशरण गाउँपालिकाको गाउँसभा सञ्चालन कार्यविधि २०७४ को दफा २६ को उपदफा (१) र (२) बमोजिम दंगीशरण गाउँपालिकाका उपाध्यक्ष तथा बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक श्री पिमाकुमारी वली खड्काज्यूले मिति २०८१ साल असाढ १० गतेका दिन सभा समक्ष पेश गर्नु भएको दंगीशरण गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक बजेट तथा कार्यक्रममाथि छलफल गरी दंगीशरण गाउँपालिकाको गाउँ सभा सञ्चालन कार्यविधि, २०७४ को दफा १६ को उपदफा (२) बमोजिम ध्वनि मतका आधारमा संशोधन सहित सर्वसम्मतिबाट पारित गरियो ।

कार्यसूचि नं. ३ दंगीशरण गाउँपालिकाको आर्थिक विधेयक, २०८१ माथि छलफल गरी पारित गरियोस् ।

निर्णय नं. २ दंगीशरण गाउँपालिकाको गाउँसभा सञ्चालन कार्यविधि २०७४ को दफा २६ को उपदफा (१) र (२) बमोजिम दंगीशरण गाउँपालिकाका उपाध्यक्ष तथा बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक श्री पिमाकुमारी वली खड्काज्यूले मिति २०८१ साल असाढ १० गतेका दिन सभा समक्ष पेश गर्नु भएको दंगीशरण गाउँपालिकाको आर्थिक विधेयक, २०८१ माथि छलफल गरी दंगीशरण गाउँपालिकाको गाउँ सभा सञ्चालन कार्यविधि, २०७४ को दफा १६ को उपदफा (२) बमोजिम ध्वनि मतका आधारमा सर्वसम्मतिबाट पारित गरियो ।

कार्यसूचि नं. ४ दंगीशरण गाउँपालिकाको विनियोजन विधेयक, २०८१ माथि छलफल गरी पारित गरियोस् ।

निर्णय नं. ३ दंगीशरण गाउँपालिकाको गाउँसभा सञ्चालन कार्यविधि २०७४ को दफा २६ को उपदफा (१) र (२) बमोजिम दंगीशरण गाउँपालिकाका उपाध्यक्ष तथा बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक श्री पिमाकुमारी वली खड्काज्यूले मिति २०८१ साल असाढ १० गतेका दिन सभा समक्ष पेश गर्नु भएको दंगीशरण गाउँपालिकाको विनियोजन विधेयक, २०८१ माथि छलफल गरी दंगीशरण गाउँपालिकाको गाउँ सभा सञ्चालन कार्यविधि, २०७४ को दफा १६ को उपदफा (२) बमोजिम ध्वनि मतका आधारमा सर्वसम्मतिबाट पारित गरियो ।

कार्यसूचि नं. ५ दंगीशरण गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को महालेखा परीक्षकको प्रतिवेदनले औंल्याएका बेरूजु फछ्यौंट सम्बन्धी लेखा समितिको प्रतिवेदनमाथि छलफल गरी पारित गरियोस् ।

शम्भु गिरी
अध्यक्ष

१७औं गाउँ सभाको
बैठक संख्या: ३।२०८१०७१७
मिति २०८१।३।१६ गते
निर्णय प्रमाणित।

निर्णय नं. ४ दंगीशरण गाउँपालिकाको गाउँसभा सञ्चालन कार्यविधि २०७४ को दफा ३९ को उपदफा (१) बमोजिम लेखा समितिका संयोजक श्री निरज बस्नेतज्यूले मिति २०८१ साल असाढ १० गतेका दिन सभा समक्ष पेश गर्नु भएको दंगीशरण गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को महालेखा परीक्षकको प्रतिवेदनले औंल्याएक बेरूजु फछ्यौंट सम्बन्धी प्रतिवेदन माथि छलफल गरी दंगीशरण गाउँपालिकाको गाउँ सभा सञ्चालन कार्यविधि, २०७४ को दफा १६ को उपदफा (२) बमोजिम ध्वनि मतका आधारमा सर्वसम्मतिबाट पारित गरियो ।

कार्यसूचि नं. ६ दंगीशरण गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को न्यायिक समितिको प्रतिवेदनमाथि छलफल गरी पारित गरियोस् ।

निर्णय नं. ४ दंगीशरण गाउँपालिकाको गाउँसभा सञ्चालन कार्यविधि २०७४ को दफा ३९ को उपदफा (१) बमोजिम न्यायिक समितिका संयोजक श्री पिमाकुमारी वली खड्काज्यूले मिति २०८१ साल असाढ १० गतेका दिन सभा समक्ष पेश गर्नु भएको दंगीशरण गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को न्यायिक समितिको प्रतिवेदन माथि छलफल गरी दंगीशरण गाउँपालिकाको गाउँ सभा सञ्चालन कार्यविधि, २०७४ को दफा १६ को उपदफा (२) बमोजिम ध्वनि मतका आधारमा सर्वसम्मतिबाट पारित गरियो ।

कार्यसूचि नं. ७ गाउँसभाका सदस्य श्री रेशमबहादुर वलीलाई दंगीशरण गाउँपालिकाको लेखा समितिको संयोजक पदमा गरिएको मनोनयनलाई अनुमोदन गरियोस् ।

निर्णय नं. ६ दंगीशरण गाउँपालिकाका अध्यक्ष श्री शम्भु गिरीज्यूले गाउँसभाका सदस्य श्री रेशमबहादुर वलीलाई दंगीशरण गाउँपालिकाको लेखा समितिको संयोजक पदमा मनोनयन गरियोस् भनि राख्नु भएको प्रस्तावमाथि छलफल गरी अन्य सदस्यहरू सावित बमोजिम नै रहने गरी देहायबमोजिम लेखा समिति रहने गरी दंगीशरण गाउँपालिकाको गाउँ सभा सञ्चालन कार्यविधि २०७४ को दफा १६ को उपदफा (२) बमोजिम ध्वनिमतका आधारमा सर्वसम्मतिबाट अनुमोदन गरियो ।

१. श्री रेशमबहादुर वली	संयोजक
२. श्री डम्बर खत्री	सदस्य
३. श्री जापानी दमेनी	सदस्य
४. श्री सरिता बि.क.	सदस्य
५. श्री सिताराम चौधरी	सदस्य
६. आर्थिक शाखा प्रमुख	सदस्य सचिव

शम्भु गिरी
अध्यक्ष

१७औं गाउँ सभाको
बैठक संख्या: ३।२०८०।०१७
मिति २०८१।७।१६ को
निर्णय प्रमाणित।

कार्यसूचि नं. ८ दंगीशरण गाउँपालिकाको १६ औं गाउँ सभादेखि हालसम्म गाउँ कार्यपालिकाको बैठकले पारित गरेका निर्णयहरू अनुमोदन गरियोस् ।

निर्णय नं. ७

दंगीशरण गाउँपालिकाको १६ औं गाउँ सभादेखि हालसम्म गाउँ कार्यपालिकाको बैठकले पारित गरेका निर्णयहरू अनुमोदन गरियोस् भनि सभाध्यक्ष श्री शम्भु गिरीज्यूले सभा समक्ष राख्नु भएको प्रस्तावमाथि छलफल गरी दंगीशरण गाउँपालिकाको गाउँ सभा सञ्चालन कार्यविधि, २०७४ को दफा १६ को उपदफा (२) बमोजिम ध्वनिमतका आधारमा सर्वसम्मतिबाट अनुमोदन गरियो ।

शम्भु गिरी
अध्यक्ष

१६औं गाउँ सभाको
बैठक संख्या: २१२०८०।०७
मिति २०८१।०३।१६ को

दंगीशरण गाउँपालिकाको १७ औं गाउँ सभाका आदरणीय सभाध्यक्ष ज्यू ।

यस गरिमामय गाउँ सभामा उपस्थित गाउँ सभाका सदस्यज्यूहरू लगायत उपस्थित सबैलाई हार्दिक अभिवादन गर्दै दंगीशरण गाउँपालिकाको उपाध्यक्ष एवं बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

आदरणीय सभाध्यक्ष ज्यू ।

१. नेपालको संविधान २०७२ जारी भएपश्चात मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र संस्थागत भएसँगै गठित स्थानीय तहको दोश्रो कार्यकालको तेश्रो वर्षमा दंगीशरण गाउँपालिकाको अनुमानित आय तथा व्ययको अनुमान बजेट तथा कार्यक्रमको माध्यमबाट यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा आफुलाई गौरवशाली ठानेको छु । यस महत्वपूर्ण समयमा नेपालमा संघीय लोकतन्त्रिक गणतन्त्र स्थापनाको लागि जीवन उत्सर्ग गर्ने वीर शहिदहरूलाई सम्झँदै भावपूर्ण श्रद्धा सुमन अर्पण गर्दै घाइते तथा अङ्गभङ्ग भएकाहरूको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु।

२. नेपालको संविधान प्रदत्त अधिकार बमोजिम जनमत प्राप्त स्थानीय सरकारको उपाध्यक्षको हैसियतबाट आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेट प्रस्तुत गरिरहँदा दंगीशरण गाउँपालिकाको समग्र शिक्षा, स्वास्थ्य, सामाजिक तथा आर्थिक विकास, सामाजिक न्याय, पूर्वाधार विकासको माध्यमबाट **"हाम्रो प्रण, समुन्नत दंगीशरण"** भन्ने हाम्रो मूल नारालाई साकार पार्न सम्पूर्ण जनप्रतिनिधी, राजनैतिक दल, राष्ट्रसेवक कर्मचारी, शिक्षक, वुद्धिजिवी, समाजसेवी सबैबाट आवश्यक सहयोगको अपेक्षा गर्दछु ।

३. विश्वव्यापी आर्थिक मन्दीको असरले थिलाथिला पारेको अर्थतन्त्रको यस विषम परिस्थितिमा उपलब्ध सीमित श्रोत र साधनको परिचालन गरी समुन्नतिको लक्ष्य हासिल गर्नु निकै चुनौतिपूर्ण रहेको हामी सबैलाई महशुस भएकै छ । तथापि उपलब्ध सीमित श्रोत र साधनको समानुपातिक र न्यायपूर्ण परिचालनको माध्यमबाट समुन्नतिको लक्ष्य हासिल गर्नु आजको आवश्यकता हो ।

४. आगामी आर्थिक वर्ष २०८१/०८२ को वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा बजेटका प्रचलित सिद्धान्त, मूल्य तथा मान्यता, नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले निर्दिष्ट गरेका क्षेत्राधिकार, संघीय तथा प्रादेशिक विषय क्षेत्रगत नीति तथा योजनाहरू, नेपालको दिगो विकासका लक्ष्यको अवस्था र मार्गचित्र २०१६-२०३० ले परिलक्षित गरेका मार्गदर्शन, स्थानीय तहको योजना दिग्दर्शन, २०७८ र सार्वभौम दंगीशरणवासी जनता र जनमतका आधारमा निर्वाचित जनप्रतिनिधीहरूको भावना समेतलाई आत्मसात गरी यो वार्षिक बजेट तथा कार्यक्रम तयार गर्ने प्रयास गरेको छु ।

सभाध्यक्ष महोदय,

५. अब म चालु आ.व. २०८०/०८१ मा हासिल भएका केही प्रमुख उपलब्धीहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१७औं गाउँ सभाको
बैठक संख्या: ३।२०८१।१।१
मिति: २०८१।४।३।१६ गते
निर्णय प्रमाणित।

शम्भु गिरी
अध्यक्ष

(क) गाउँपालिकाको प्रशासनिक भवनको निर्माण सम्पन्न गरी आफनै भवनबाट सेवा प्रदान गरिएको छ ।

(ख) चालु आ.व.मा जम्मा २ कि.मी. बाटोको नयाँ ट्रयाक खोलिएको, १.५ कि.मी. कालोपत्रे गरिएको, १८ कि.मी. बाटोको स्तरोन्नती गरी ग्राभेल गरिएको छ ।

(ग) जम्मा १० हेक्टर जमिनमा सिचाई सुविधाको विस्तार भएको छ । दंगीशरण गाउँपालिकाको विकट मानिने फुर्केसल्ली क्षेत्रमा विद्युत विस्तार गरिएको छ ।

(घ) कृषि तथा पशु विकासमा आधारित युवा उद्यमशीलता परियोजना (हेफर परियोजना) मार्फत जम्मा ३१ बाख्राको आधुनिक खोर निर्माण, २१ वटा आधुनिक भकारो निर्माण, १० नमुनाबाख्रा खोर, ३ वटा उन्नत जातको राङ्गा वितरण, १४ वटा उन्नत जातका बोका वितरण गरिएको छ ।

(ङ) समुन्नति परियोजनासँगको साझेदारीमा वित्तीय डिजिटल साक्षरता कार्यक्रमको शुरूवात गरिएको छ ।

(च) ४३८ जना महिला दिदी बहिनीहरूलाई क्षमता विकास तालिम प्रदान गर्नुको साथै ३० जना महिलालाई थाकलको पातलबाट ह्याट र हाते झोला बनाउने सीपमूलक तालिम प्रदान गरिएको छ ।

(छ) दंगीशरण अपाङ्गता सञ्जालसँगको साझेदारीमा ११ जना अपाङ्गता भएका व्यक्तिहरूलाई गुडिया तथा कुसन बनाउने सीपमूलक तालिम प्रदान गर्नुको साथै १ जना अपाङ्गता भएका व्यक्तिहरूलाई तथा क्षमता विकास तालिम प्रदान गर्नुको साथै जनालाई अपाङ्गता सहायता सामाग्री वितरण गरिएको छ ।

(ज) सुत्केरी पोषण प्रोत्साहन कार्यक्रम मार्फत जम्मा ११५ जना सुत्केरी महिलाहरूलाई नेपाल सरकारबाट प्रदान गरिने यातायात तथा गर्भजाँच उत्प्रेरणाका अतिरिक्त रू. तीन हजार दुई सय थप पोषण प्रोत्साहन खर्च बापत वितरण गरिएको छ ।

(झ) जेष्ठ नागरिक, अपाङ्ग, अशक्त, गर्भवती स्वास्थ्य सुधार कार्यक्रम मार्फत हालसम्म जम्मा ५५८ दिर्घरोगीहरूलाई निःशुल्क औषधी तथा प्रयोगशाला सेवा उपलब्ध गराइएको छ ।

(ञ) दंगीशरणको गौरवको रूपमा रहेको १५ सैयाको दंगीशरण आधारभूत अस्पतालको भवन निर्माण सम्पन्न गरी अस्पतालबाट सेवाको शुरूवात गरिएको छ ।विकट क्षेत्र फुर्केसल्लीबाट आधारभूत स्वास्थ्य सेवाको शुरूवात गरिएको छ ।

(ट) रासी आँखा अस्पताल रक्षाचौरसँगको सहकार्यमा उज्यालो आँखा कार्यक्रमबाट हालसम्म जम्मा १२२ जनाको मोतियाबिन्दुको निःशुल्क सल्यक्रिया गरिएको छ ।

(ठ) छोरी सम्मान कार्यक्रम मार्फत हालसम्म जम्मा २३२ जना बालिकाको नाममा बैंक खाता खोलि मासिक रू. ३ सयका दरले रकम जम्मा गरिएको छ ।

२०७९ गाउँ सभाको
बैठक संख्या: २।१२०८०।०८१
मिति २०८१।०३।१६ को
निर्णय प्रमाणित।

शम्भु गिरी
अध्यक्ष

(ङ) जम्मा ४४६ कृषक समूह मार्फत च्याउ, तरकारी, धान, गहुँ, विषादि वितरण गरिएको छ, १७५ जना कृषकलाई उपन्नत कम्पोष्ट मल निर्माणसम्बन्धी तालिम प्रदान गरिएको छ, मकै पकेट विकास कार्यक्रम सञ्चालन गरी एउटा समूह र एउटा सहकारीलाई उन्नत मकै बीउ वितरण तालिम त यान्त्रिकरणमा सहयोग गरिएको छ । बालीको उत्पादन क्षमता थाहा पाउनको लागि ५३ वटा समूहमा विभिन्न बालीहरू आलु, धान। गहुँ, तोरी, मसुरोको कटानी गरिएको छ।यसले गर्दा किसानहरूमा व्यावसायिक खेतितर्फ आकर्षण बढी आर्थिक आयआर्जनमा सुधार आएको छ ।

(ढ) कृत्रिम गर्भाधारद्वारा गाईभैंसीको नश्ल सुधार हुँदै गएको छ । स्थानीय जातका कुखुराहरूलाई बधिया बनाई मासुको गुणस्तरमा सुधार आएको छ ।

(ण) दंगीशरण गाउँपालिकाको स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गरिएको छ ।बिरेन्द्र नमुना मा.वि.मा स्मार्ट कक्षाको शुरूवात गरिएको छ ।

(त) अध्यक्ष कप फुटबल तथा भलिबल प्रतियोगिता र राष्ट्रपति रनिङ्ग शील्ड प्रतियोगिता सफलतापूर्वक सम्पन्न गरिएको छ ।

(थ) बिरेन्द्र नमुना माध्यमिक विद्यालयको नयाँ भवन निर्माण सम्पन्न भई सोहि भवनबाट पठनपाठन शुरू गरिएको छ । थप भवन निर्माणाधिन रहेको छ ।

(द) सामाजिक सुरक्षा भत्ता सम्बन्धित वडामा नै पुगेर वितरण गरिएको छ ।

(ध) गाउँपालिकाबाट खरिद हुने सामानहरू विद्युतीय माध्यमबाट टेण्डर आह्वान गरी उल्लेखनीय रकमको बचत गरिएको छ ।

(न) हालसम्म जम्मा ३२ वटा ऐन, ४ वटा नियमावली, ४३ वटा कार्यविधि, ५ वटा मापदण्ड, ५ वटा नीति, १ वटा निर्देशिका, २ वटा कार्ययोजना तथा अन्य २ गरी जम्मा ९४ वटा कानुन निर्माण गरिएको छ ।

सभाध्यक्ष महोदय,

६. आर्थिक वर्ष २०८१/०८२ को बजेटका प्रमुख उद्देश्यहरू निम्मानुसार रहेका छन्

(क) वित्तीय तथा प्रशासनिक सुशासनको माध्यमबाट सीमित श्रोत र साधनको अधिकतम् परिचालन गरी समुन्नतिको लक्ष्य हासिल गर्नु

(ख) शिक्षा, स्वास्थ्य, सामाजिक न्याय, लैङ्गिक समानता, रोजगारीको सिर्जना, पूर्वाधार विकास गरी मानव विकास सूचकाङ्कमा सुधार गर्नु

(ग) शैक्षिक सुधार गरी गुणस्तरीय शिक्षाको प्रत्याभूति गर्नु

(घ) स्वास्थ्य सेवामा सुधार गरी गुणस्तरीय स्वास्थ्य सेवाको विकास गर्नु

शम्भु गिरी
अध्यक्ष

९औं गाउँ सभाको
बैठक संख्या: ३१ २०८१।१२।१
मिति २०८१।१२।१६ गते
निर्णय प्रमाणित।

(ङ) कृषि तथा पशुपालन व्यवसायमा सुधार गरी आत्मनिर्भरता उन्मुख गराउनु

(च) कृषि उत्पादकत्व वृद्धि गर्नु

(छ) क्रमागत योजनाहरू सम्पन्न गर्नु

(ज) पर्यटन पूर्वाधार विकास गरी आम्दानीका श्रोतहरू जुटाउनु

(ट) राज्यबाट प्रदान गरिने सेवा सुविधामा विपन्न, महिला, एकल महिला, दलित, अपाङ्ग तथा असहायहरूको पहुँच सुनिश्चित गर्नु

(ठ) सक्षम र सुदृढ स्थानीय सरकार बनाई सुशासन कायम गर्ने र विधिपूर्वक सेवा प्रवाह गर्ने ।

७. आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेटका प्राथमिकताका आधारहरू निम्नानुसार रहेका छन्

(क) शिक्षा तथा स्वास्थ्य क्षेत्रको विकासको लागि आधुनिक सूचना तथा प्रविधिहरूको उपयोग गर्ने

(ख) वित्तीय तथा प्रशासनिक सुशासन कायम गरी सीमित श्रोत र साधनको अधिकतम् रूपमा उपयोग गर्ने

(ग) रोजगारी सिर्जना गर्ने खालका योजना तथा कार्यक्रमहरूको तर्जुमा गर्ने

(घ) सामाजिक तथा आर्थिक विकास गरी गरिबी निवारणमा टेवा पुर्याउने

(ङ) उत्पादनमूलक तथा छिटो प्रतिफल दिने खालका योजनाहरूमा राजश्व परिचालन गर्ने

(च) स्थानीय श्रोत तथा साधनहरूको अधिकतम् परिचालन गरी जनसहभागिता जुटाउने

(छ) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अभिवृद्धि गर्ने

(ज) कम खर्चमा धेरै प्रतिफल दिने तथा स्थानीय सीप र दक्षताको उपयोग गर्ने

(झ) मानवीय सूचकाङ्क माथि उठाउन योगदान दिने

(ञ) दिगो विकासको लक्ष्य हासिल गर्ने, वातावरण संरक्षण तथा विपद व्यवस्थापनमा योगदान दिने

(ट) जलवायु अनुकूलन कार्ययोजना कार्यान्वयन गरी विकासको लक्ष्य हासिल गर्ने

(ट) सेवा प्रवाहको गुणस्तर सुधार, संस्थागत विकास तथा सुशासनमा सहयोग पुर्याउने।

आदरणीय सभाध्यक्ष महोदय,

८. अब म आगामी आर्थिक वर्ष २०८१/०८२ मा यस गाउँपालिकामा आम्दानी हुने अनुमान गरिएका श्रोतहरूबाट प्राप्त हुने रकमको विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु

(क) आन्तरिक राजश्वबाट रू. ८५ लाख ९६ हजार ९ सय आय हुने अनुमान गरेको छु ।

९ औं गाउँ सभाको
बैठक संख्या: ३।२०७९।८७
मिति २०७९।०३।१६ को
निर्णय प्रमाणित।

शम्भु गिरी
अध्यक्ष

(ख) संघीय सरकारबाट प्राप्त हुने अनुदान जम्मा रू. २८ करोड ३५ लाख ६ हजार रहेको छ जसमध्ये संघीय वित्तिय समानिकरण अनुदान ९ करोड २६ लाख, संघीय सशर्त अनुदान चालु तर्फ रू. १३ करोड ६० लाख ६ हजार, पूँजिगत तर्फ ३ करोड १९ लाख, संघीय विशेष अनुदान १ करोड ८० लाख र संघीय समपूरक अनुदान ५० लाख रहेको छ ।

(ग) प्रदेश सरकारबाट हुने अनुदान जम्मा रू. २ करोड १ लाख १५ हजार रहेको छ जसमध्ये प्रदेश वित्तिय समानिकरण अनुदान ६१ लाख १५ हजार, प्रदेश सशर्त पूँजिगत अनुदान ७० लाख र प्रदेश समपूरक अनुदान रू. ७० लाख रहेको छ ।

(घ) राजश्व बाँडफाँडबाट प्राप्त हुने जम्मा रू. ९ करोड ४५ लाख ६ हजार १ सय रहेको छ जसमध्ये संघीय राजश्व बाँडफाँडबाट ८ करोड ५१ लाख, प्रदेश राजश्व बाँडफाँडबाट ३४ लाख ६ हजार र स्थानीय राजश्व बाँडफाँडबाट ६० लाख १ सय रहेको छ ।

उपरोक्त श्रोतहरूबाट जम्मा रू. ४० करोड ६७ लाख २४ हजार आय हुने अनुमान गरेको छु ।

९. सशर्त अनुदान वापत संघीय सरकारबाट प्राप्त हुने रू. १६ करोड ७९ लाख ६ हजार, संघीय विशेष अनुदान रू. १ करोड ८० लाख, संघीय समपुरक अनुदान ५० लाख तथा प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान तर्फको रू. ७० लाख र प्रदेश समपूरक अनुदान तर्फको रू. ७० लाख बजेटमा नै सम्पन्न गर्नुपर्ने क्रियाकलापहरू तोकेर पठाइएको हुनाले जे जस्तो अवस्थामा प्राप्त हुन्छ सोहि अनुसार नै खर्च हुने गरी यस बजेट तथा कार्यक्रममा समावेश गरेको छु ।

१०. माथि उल्लेखित आय शिर्षकबाट प्राप्त हुने जम्मा रू. ४० करोड ६७ लाख २४ हजार मध्ये सशर्त तर्फको जम्मा रू. १७ करोड ४९ लाख ६ हजार, विशेष अनुदान रू. १ करोड ८० लाख र समपूरक अनुदान रू. १ करोड २० लाख कटाई बाँकी रहन आएको रू. २० करोड १८ लाख १८ हजार लाई विभिन्न विषय क्षेत्रगत रूपमा खर्च हुने गरी बजेट प्रस्ताव गरेको छु ।

११. उपरोक्त विनियोजनयोग्य रकमबाट आर्थिक विकास क्षेत्रको लागि ७२ लाख ५० हजार, सामाजिक विकास क्षेत्रमा रू. ३ करोड ३ लाख ५७ हजार, पूर्वाधार विकास क्षेत्रमा २ करोड ५ लाख, वन वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रमा १० लाख ५० हजार, संस्थागत विकास तथा सुशासन क्षेत्रमा ३३ लाख २५ हजार, वडागत विकास क्षेत्रको लागि ३ करोड ५० लाख, समपूरक अनुदानबाट सञ्चालन हुने योजनाहरूमा लागत सहभागिताका लागि समपूरक कोषका लागि रू. २ करोड, अनिवार्य दायित्व तर्फ रू. १ करोड २२ लाख, गाउँपालिकाबाट सञ्चालन हुने योजनाहरूको लागि १ करोड ५५ लाख र कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चको लागि रू. ८ करोड ३१ लाख ३० हजार गरी जम्मा रू. २२ करोड ८३ लाख १२ हजार प्रस्ताव गरेको छु । यसरी विषयक्षेत्रगत शिर्षकमा विनियोजन गर्दा नपुग हुने रकम रू. २ करोड ६४ लाख ९४ हजार गाउँपालिकाको स्थानीय सञ्चित कोषमा मौज्दात रहने रकमबाट व्ययभार हुने गरी प्रस्ताव गरेको छु ।

शम्भु गिरी
अध्यक्ष

९६औं गाउँ सभाको
बैठक संख्या: २।२०८०।८८
मिति २०८०।१२।१६ को
निर्णय प्रमाणित।

आगामी आर्थिक वर्ष २०८१/०८२ को लागि प्रस्तावित जम्मा बजेट रू. ४३ करोड ३२ लाख १८ हजार मध्ये चालु खर्च तर्फ जम्मा रू. २८ करोड १४ लाख ६८ हजार अर्थात ६४.९७ प्रतिशत र पुँजिगत खर्च तर्फ जम्मा रू. १५ करोड १७ लाख ५० हजार अर्थात ३५.०३ प्रतिशत रहने गरी प्रस्ताव गरेको छु ।

११. विश्वव्यापी आर्थिक मन्दीको असर, बजेटको संकुचन, आन्तरिक आम्दानीका क्षेत्रहरूको सीमितता, बोझिलो प्रशासनिक खर्च, बढ्दो जनअपेक्षाका कारण सोचे अनुसारका लोकप्रिय कार्यक्रमको व्यवस्था गर्न नसकिएको भएतापनि सञ्चालनमा रहेका कार्यक्रमलाई निरन्तरता तथा केही नयाँ कार्यक्रम ल्याउने प्रयास गरिएको छ ।

१२. चालु आर्थिक वर्षदेखि सञ्चालनमा रहेका उज्यालो आँखा कार्यक्रम, छोरी सम्मान, सुत्केरी पोषण प्रोत्साहन भत्ता, जेष्ठ नागरिक, सुत्केरी, अपाङ्ग तथा विपन्न नागरिक स्वास्थ्य स्याहार कार्यक्रमलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिइनेछ । यसको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

१३. कृषि क्षेत्रलाई प्राथमिकतामा राखेर कृषकहरूलाई लागत अनुदानमा दिइँदै आएको उन्नत बीउ विजन वितरण, कृषि सामाग्री वितरण, जैविक खेतिको विकास, कृषि व्यवसायको आधुनिकीकरण गर्नको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

१४. पशु पालन व्यवसायलाई सुदृढिकरण गरी आम्दानी गर्नको लागि औषधीको व्यवस्था, खोप, पशु नश्ल सुधार कार्यक्रमको लागि आवश्यक रकम विनियोजन गरेको छु । कृषि तथा पशु विकासमा आधारित युवा उद्यमशीलता परियोजना (हेफर नेपाल) सँगको साझेदारीमा कृषि तथा पशुपालन व्यवसाय प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिनको लागि रकमको व्यवस्था गरेको छु ।यसै वर्षदेखि पशु बीमा कार्यक्रम शुरू गरिनेछ ।

१५. संघीय सरकारसँगको साझेदारीमा निर्माण भइरहेको लागेको बिजुलीपुर सिचाई आयोजनाको लागि रू. १ करोड विनियोजन गरेको छु । यसबाट उक्त क्षेत्रको जमिनमा सिचाई सुविधा पुग्न गई कृषि उत्पादन बढ्नेछ ।

१६. विगत आर्थिक वर्षदेखि निर्माण शुरू गरिएका क्रमागत सडक योजनाहरूलाई निरन्तरता दिने गरी आवश्यक रकमको व्यवस्था गरेको छु ।संघीय सरकारको सशर्त अनुदानबाट सञ्चालन हुने गरी वडा नं. ५ को लौवस्ता-खलुवाचीस-सलौरा सडकको लागि रू. ४० लाख र वडा नं. ७ को सुर्खेत रोडदेखि जनता मा.वि. बुटनिया हुँदै सिम्ठाना सडक स्तरोन्नतिको लागि रू. ५० लाख सुनिश्चित भएको छ ।

१७. संघीय सरकारको विशेष अनुदानमा नमुना दलित वस्ती विकासको कार्य सञ्चालन गरिनेछ । यसको लागि रू. १ करोड ८० लाखको व्यवस्था गरेको छु ।

१८. वडा विकास कार्यक्रम अन्तर्गत हरेक वडाको कम्तिमा रू. ५० लाख को व्यवस्था गरेको छु ।

१९. विषयगत शाखा र वडा विकास कार्यक्रम अन्तर्गत सञ्चालन हुने कार्यक्रमहरूमा दोहोरोपन नहुने गरी व्यवस्था मिलाएको छु ।

१६औं गाउँ सभाको
बैठक संख्या: ३।२०८०।०८७
मिति २०८०।१२।१६ को
निर्णय प्रमाणित।

शम्भु गिरी
अध्यक्ष

२०. हिंसा पिडितहरूको उद्दार तथा राहतको लागि उपाध्यक्ष हिंसा पिडित उद्दार कोषको व्यवस्था गरेको छु ।

२१. अपाङ्ग, दलित, एकल महिला, अल्पसंख्यक, महिला, बालबालिकाहरूको सशक्तिकरण तथा क्षमता अभिवृद्धिको लागि कार्यक्रम सञ्चालन गर्न आवश्यक रकमको व्यवस्था गरेको छु ।

२२. दंगीशरण गाउँपालिकाभित्र रहेका पर्यटकीय क्षेत्रहरूको विकासको लागि आवश्यक रकमको व्यवस्था गरेको छु ।

२३. थारू जातिको भाषा, संस्कृति, कलाको संरक्षणको लागि कार्यक्रमहरू सञ्चालन गरिनेछन् । यसको लागि रकम छुट्याएको छु । महिलाहरूको महान चाड हरितालिका तीज पर्वको अवसरमा सचेतनामूलक तीज गीत प्रतियोगिता सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरेको छु ।

२४. जेष्ठ नागरिकहरूको लागि कार्यक्रम सञ्चालन गर्न रकमको व्यवस्था गरेको छु ।

२५. महिला, अपाङ्गहरूको सीप विकासको लागि कार्यक्रमको व्यवस्था गरी आवश्यक रकमको व्यवस्था गरेको छु ।

२६. संघीय सरकारको अनुदानमा दंगीशरण-६ को खडकपुर र तुलसीपुर-२ पोटली जोड्ने चिरेगाड खोलामा झोलुङ्गे पुल आगामी आ.व. मा सम्पन्न गरिनेछ ।

२७. हरियाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत गाउँपालिकाको प्रशासकीय भवन, वडा कार्यालयहरू, स्वास्थ्य संस्थाहरू तथा सडकका छेउमा वृक्षारोपण गरिनेछ । यसको लागि रू. ९ लाख विनियोजन गरेको छु ।

२८. उत्कृष्ट रूपमा कार्यसम्पादन गर्ने कर्मचारी, स्वास्थ्यकर्मी र शिक्षकहरूलाई पुरस्कृत गर्न आवश्यक रकमको व्यवस्था गरेको छु ।

२९. अति विपन्न परिचय पत्र पाएका परिवारलाई स्वास्थ्य बीमा निशुल्क गरिदिन आवश्यक रकम विनियोजन गरेको छु ।

३०. किसानहरूलाई लागत साझेदारीमा कृषि औजार वितरणको लागि छुट्याइएको रकममा वृद्धि गरेको छु ।

३१. महिला, दलित, अपाङ्गहरूको सीप विकासको लागि आवश्यक रकमको व्यवस्था गरेको छु ।

३२. जनप्रतिनिधी, कर्मचारीहरूको क्षमता विकासको लागि कार्यक्रम सञ्चालन गर्ने गरी आवश्यक व्यवस्था मिलाएको छु ।

३३. सहकारी संस्थाहरूको क्षमता विकासको लागि कोपोमिस तालिम दिने गरी आवश्यक व्यवस्था गरेको छु ।

१६औं गाउँ सभाको
बैठक संख्या: ३१ २०८०।८।१७
मिति २०८०।१०।३१।१६ गते
निर्णय प्रमाणित।

शम्भु गिरी
अध्यक्ष

२९. दंगीशरण गाउँपालिकाबाट सञ्चालित कार्यक्रमहरूमा अपनत्व ग्रहण गर्न र स्थानीय अर्थतन्त्रलाई क्रमिक रूपमा आत्मनिर्भरता तर्फ लैजान राजश्व वृद्धि गर्ने उद्देश्यले केही शीर्षकहरूका राजश्व तथा दस्तुरका दरमा सामान्य वृद्धि गर्ने प्रयास गरेको छु ।

प्रस्तुत आर्थिक वर्ष २०८१/०८२ को वार्षिक योजना तथा कार्यक्रमहरूको सफल कार्यान्वयनबाट मात्र दंगीशरण गाउँपालिकाको आर्थिक, सामाजिक, शैक्षिक, स्वास्थ्य तथा पूर्वाधारका क्षेत्रमा आशातित प्रगति हुने अपेक्षा गरेको छु । यहाँ प्रस्तुत वार्षिक योजना तथा कार्यक्रमहरूको सफल कार्यान्वयनबाट मात्र "**हाम्रो प्रण, समुन्नत दंगीशरण**" भन्ने नारालाई सार्थक बनाउन सकिन्छ । यो बजेटले गरेका व्यवस्था, योजना तथा कार्यान्वयनमा सम्पूर्ण जनप्रतिनिधी, राजनैतिक दल, राष्ट्रसेवक कर्मचारी, शिक्षक, बुद्धिजिवी, नागरिक समाज, समाजसेवी तथा सरकारी एवं गैरसरकारी संघसंगठन सबै क्षेत्रबाट आवश्यक सहयोग हुने नै छ आशा गरेको छु ।


अन्तमा यो वार्षिक योजना तथा कार्यक्रम तयार गर्न अहोरात्र खटि काम गर्नुहुने जनप्रतिनिधी, राष्ट्रसेवक कर्मचारी लगायत सबैको योगदानको उच्च मूल्याङ्कन गर्दै सम्मान गर्न चाहन्छु । प्रत्यक्ष अप्रत्यक्ष रूपले सहयोग गर्ने विकास साझेदार लगायत सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

शम्भु गिरी
अध्यक्ष

धन्यवाद ।

पिमाकुमारी वली खड्का
(उपाध्यक्ष)

मिति २०८१ साल असाढ १० गते



दंगीशरण गाउँपालिकाको आर्थिक विधेयक,२०८१

गाउँ सभामा पेश भएको मितिः २०८१/०३/१०

प्रस्तावनाः

दंगीशरण गाउँपालिकाको आर्थिक बर्ष २०८१/०८२ को अर्थसम्वन्धी प्रस्तावलाई कार्यन्वयनको लागि स्थानीय कर, शुल्क, दस्तुर र जरिवाना संकलन गर्न, छुट दिन तथा अन्य आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा २२६ बमोजिम दंगीशरण गाउँसभाले यो ऐन बनाएको छ।

१.संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "दंगीशरण गाउँपालिकाको आर्थिक ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन संम्वत् २०८१ साल साउन महिनाको १ गतेदेखि दंगीशरण गाउँपालिका क्षेत्रभित्र लागु हुनेछ ।

२. सम्पत्ति कर : दंगीशरण गाउँपालिकाको क्षेत्रभित्र अनुसूची (१) बमोजिमको घर र जग्गामा सम्पत्ति कर लगाई असुल उपर गरिनेछ ।घरको मुल्याङ्कन अनुसूची (२) अनुसार र घर वनोटको आधारमा ह्रास कट्टी अनुसूची (३) र जग्गाको मुल्याङ्कन अनुसूची (४) बमोजिम गरिने छ ।

३. भूमी कर (मालपोत) : दंगीशरण गाउँपालिका क्षेत्रभित्र सम्पत्ति कर लाग्ने भूमी बाहेकको अन्य जग्गामा अनुसूची (५) बमोजिमको भूमी कर (मालपोत) लगाई असुल उपर गरिनेछ ।

४. घर बहाल कर : दंगीशरण गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, वर्कसप, गोदाम, टहरा, सेड, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा लगाई हुने आम्दानी र आम्दानी हुने गरी अन्य कुनै सम्पत्ति बहालमा दिएकोमा अनुसूची (६) बमोजिम बहाल कर लगाई असुल उपर गरिनेछ ।

५. व्यवसाय कर : (१) दंगीशरण गाउँपालिका क्षेत्रभित्र दर्ता वा ईजाजत प्राप्त गरी स्थापित उद्योग, व्यापार, व्यावसाय, सेवा र यस्तै प्रकारका कारोवार गर्ने व्यक्ति, संघसस्था वा निकायलाई पूँजीगत लगानी र व्यावसायिक कारोवारको आधारमा व्यावसायिक कर लगाई असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम व्यावसायिक कारोवारको मुल्याङ्कन गर्दा व्यवसायको प्रकृति, वार्षिक कारोवार अङ्क, व्यावसाय रहेको स्थान र लगानीको परिमाणलाई समेत विश्लेषण गरी अनुसूची (७) बमोजिमको व्यवसाय कर लगाईनेछ । त्यसरी व्यवसाय कर असुल गर्दा बैंक तथा वित्तिय संस्था र सुपरमार्केटको हकमा प्रत्येक कारोवार स्थलमा कारोवारका आधारमा अलग अलग ईकाइ मानी असुल उपर गरिनेछ ।

६. जडिवुटी, कवाडी र जीवजन्तु कर : दंगीशरण गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिवुटी, बनकस कवाडीमाल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ्ग, प्वाँख, छाला जस्ता बस्तुको ब्यावसायिक कारोवार गरेवापत अनुसूची (८) बमोजिमको कर लगाई असुल उपर गरिनेछ ।

गाउँ सभाको
बैठक संख्याः ३।२०८१।१।१७
मिति २०८१।०३।१६ को
निर्णय प्रमाणित।

शम्भु गिरी
अध्यक्ष

७. **सवारी साधन करः** दंगीशरण गाउँपालिका भित्र दर्ता तथा ईजाजत प्राप्त गरी सञ्चालन हुने ई-रिक्शा, अटोरिक्सा, टाँगा, ठेला आदि सवारी साधनमा अनुसूची (९) बमोजिमको कर लगाई असुल उपर गरिनेछ ।

८. **विज्ञापन करः** दंगीशरण गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (१०) बमोजिम कर लगाई असुल उपर गरिनेछ ।

९. **मनोरञ्जन करः** दंगीशरण गाउँपालिका क्षेत्रभित्र रहने र शुल्क लिई सञ्चालन गरिने जुनसुकै प्रकारको मनोरञ्जन व्यवसायमा प्रदेश सरकारले तोकेको दरमा मनोरञ्जन कर लगाई असुल उपर गरिनेछ ।

१०. **बहाल विटौरी शुल्कः** दंगीशरण गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको बजार वा पसल वा सार्वजनिक ऐलानी पर्ती जग्गा वा सडक वा बाटो किनारामा बनेको संरचनामा वन विशेष मेला पर्वमा अनुसूची (११) मा भएको व्यवस्था अनुसार बहाल विटौरी शुल्क लगाई असुल उपर गरिनेछ ।

११. **सवारी साधन पार्किङ्ग शुल्कः** दंगीशरण गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए बापत अनुसूची (१२) बमोजिम सवारी साधन पार्किङ्ग शुल्क लगाई असुल उपर गरिनेछ । कुनै पनि पार्किङ्ग व्यावसाय सञ्चालन गर्ने व्यक्ति वा संस्थाले दंगीशरण गाउँपालिकाको पूर्व स्वीकृति लिएको हुनु पर्नेछ ।

१२. **सेवा शुल्क, दस्तुरः** दंगीशरण गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची (१३) मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराईएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा ब्यवस्था भएअनुसार शुल्क लगाई असुल उपर गरिनेछ ।

१३. **घरजग्गा रजिष्ट्रेशन शुल्कः** दंगीशरण गाउँपालिका क्षेत्रभित्रका घर जग्गा वा अन्य सम्पत्तिको रजिष्ट्रेशन पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क प्रदेश सरकारले तोके बमोजिम हुनेछ ।

१४. **पर्यटन शुल्कः** दंगीशरण गाउँपालिकाले तोकेको स्थानमा पर्यटक प्रवेश गर्दा कार्यपालिकाले तोकेको दरमा पर्यटन शुल्क लगाई असुल उपर गरिनेछ ।

१५. **जरिवाना :** दंगीशरण गाउँपालिका क्षेत्रभित्र प्रचलित कानुनको बर्खीलाप हुने गरी कार्य गर्नेलाई अनुसूची (१४) बमोजिम जरिवाना हुनेछ ।

१६. **घर नक्सापास दस्तुरः** दंगीशरण गाउँपालिका भित्र निर्माण हुने घर नक्सापासको लागि अनुसूची (१५) बमोजिम दस्तुर लगाई असुल उपर गरिनेछ ।

१७. **कर छुट तथा प्रोत्साहन सम्वन्धी व्यवस्थाः** (१) यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कर छुट दिईने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि समावेशी विकासको अवधारणालाई दृष्टिगत गरी गाउँ कार्यपालिकाले औचित्य स्पष्ट पारी सर्वसम्मत निर्णयले बढीमा अनुसूची (१६) मा लेखिए बमोजिम कर छुट दिने निर्णय गर्न सक्नेछ र त्यस्तो निर्णयबाट आर्थिक बर्ष भरीमा दिईएको कर छुटको क्षेत्र र रकम सहित उल्लेख गरी छुट्टै प्रतिवेदन बनाई आगामी गाउँसभामा पेश गर्नु पर्नेछ ।

गाउँ सभाको
बैठक संख्या: ३।२०८०।४।८
मिति २०८०।१२।१६ को
निर्णय अनुसार

(३) गाउँपालिकालाई तिर्नु बुझाउनु पर्ने कर नतिर्ने व्यक्ति तथा संस्थाको हकमा नागरिकता सिफारिस र व्यक्तिगत घटना दर्ता बाहेक गाउँपालिकाले प्रदान गर्ने अन्य सेवा सुविधाबाट बञ्चीत गर्ने गरी कार्यपालिकाले निर्णय गर्नसक्नेछ ।

(४) दंगीशरण गाउँपालिका क्षेत्रभित्र अबैध रूपमा नदिजन्य पदार्थको ओसार पसार गर्न पाईने छैन ।

(५) उपदफा (४) को विपरित कार्य गर्नेलाई जरिवाना गर्न सहयोग गर्ने प्रहरी संगठनलाई अनुसूची (१६) बमोजिमको प्रोत्साहन रकम उपलब्ध गराईनेछ ।

१८. सहकार्यमा राजस्व संकलन गर्न सकिने: कवाडी कर लगाएत राजस्व संकलन गर्दा जिल्लाका अन्य स्थानीय तहका साथै सेवा प्रदायकहरूसँगको सहकार्य प्रभावकारी हुने देखिएमा गाउँ कार्यपालिकाले निर्णय गरी सहकार्यमा राजस्व संकलन गर्न सकिनेछ ।

१९. कर तथा शुल्क संकलन सम्वन्धी कार्यविधि: यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्वन्धी कार्यविधि गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

शम्भु गिरी
अध्यक्ष

गाउँ सभाको
बैठक संख्या: ३।२०८१।०८
मिति २०८१।०३।१६ को

दंगीशरण गाउँपालिका कार्यालय

अनुसूचि-१

सम्पत्ति करको दर

दगीशरण गाउँपालिकाको आर्थिक ऐन,२०८१ को दफा (२) सँग सम्बन्धित

